जाडोबाट बच्न निम्न उपायहरू अवलम्बन गरौं ।
- बालबालिका, ज्येष्ठ नागरिक तथा अशक्तले सकेसम्म चीसोको समयमा घरबाहिर ननिस्कौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

epprateekdaily.com

NITCO
TILES MARBLE MOSAICO
Parsa Marble & Tiles Pvt. Ltd.
Adarshnagar-10, Birgunj
(front of Panitanki Gate)
051-591592, 9811895095

❖ वर्ष ३५ ❖ २०७८ माघ ०४ गते मङ्गलवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 January 18 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १४३

## प्रदेश २ को स्थायी राजधानी

# जनकपुर, नाम मधेस प्रदेश राखियो

प्रस, जनकपुरधाम,३ माघ/

प्रदेश २ को नाम मधेस नामकरण भएको छ। सोमवार बसेको प्रदेशसभा लोसपाको १६ गरी ६३ जना सांसद एक ठाउँ रहेकामा नेपाल सङ्घीय समाजवादी पार्टीले पनि समर्थन जनाएपछि उसका शुरूमा सातवटा प्रस्ताव गरेको थियो। पछि त्यसलाई परिमार्जन गरी तीनवटा बनाएको थियो, जसमध्ये

### वीरगंजमा प्रदर्शन

वीरगंज महानगरपालिकाका यूवाहरूको समूहले प्रदेश २ को राजधानी जनकपुरधाम र प्रदेशको नाम मधेस भएको विरोधमा घण्टाघरमा मुख्यमन्त्री लालबाबू राउत गद्दीको पुतला दहन गर्दै । तस्वीरः नितेश कर्ण



बैठकले प्रदेशको नाम मधेस प्रदेश राख्ने प्रस्ताव दुईतिहाई बहुमतले पारित गरेको हो। सोमवार प्रदेशसभाको बैठक दुईपटक बसेको थियो । पहिलो बैठकले प्रदेशको राजधानी तय गरेको थियो भने लगत्तै बसेको दोस्रो बैठकले नामकरण गरेको हो ।

नामकरणको लागि भएको मतदानमा ९९ जना सांसद सहभागी थिए, तीमध्ये ८० जनाले मधेस नाममा मत गरेको प्रदेशसभाका सभामुख सरोज कुमार यादवले जानकारी दिए ।

सरकारको नेतृत्व गरिरहेको जनता समाजवादी पार्टी (जसपा)सँगै सत्तारूढ माओवादी केन्द्र र विपक्षी लोकतान्त्रिक समाजवादी पार्टी प्रदेशको नाममा एकमत भएका थिए । संयुक्त रूपमा प्रदेशको नाम मधेस प्रस्ताव भएको थियो । जसपाको ३९, माओवादीको ८ र १६ सांसदले पनि मधेस नामकरणको पक्षमा मतदान गरेका हुन् ।

यस अघि काङ्ग्रेसले 'मिथिला भोजपुरा', नेकपा एकीकृत समाजवादी र नेकपा एमालेले 'जानकी' तथा काङ्ग्रेसकै सांसद राजेश्वर साहले 'मध्य मधेस' नाम प्रस्ताव गरेका थिए। नामकरण सम्बन्धमा दुई वर्ष पहिले ३ चैत २०७६ मा पनि मतदान भएको थियो तर त्यति बेला आवश्यक मत पुग्न नसके पछि नामकरण टुङ्गोमा पुग्न सकेको थिएन।

सोमवार प्रदेशसभाको पहिलो बैठकले प्रदेशको स्थायी जनकपुर कायम गर्ने टुङ्गो लगाएको छ । सो क्रममा भएको मतदानमा ७८ जनाले जनकपुरको पक्षमा मतदान गरेका थिए।

प्रदेश २ को राजधानी तथा नामकरणसम्बन्धी अध्ययन विशेष समितिले स्थायी राजधानीका लागि जनकपुर कायम गर्ने पक्षमा दुईतिहाई बहुमत पुगेको हो ।

स्थायी राजधानी जनकपुरलाई केन्द्रबिन्दुमा राखी उत्तरमा ढल्केवर पूर्व पश्चिम लोकमार्ग, पूर्वमा कमला नदी, पश्चिममा मिथिला माध्यमिक परिक्रमा सडक र दक्षिण नेपालको सिमाना कायम हुने उल्लेख गरिएको छ ।

### मङ्गलवार सार्वजनिक बिदा

मङ्गलवार प्रदेशभर सार्वजनिक बिदाको प्रदेश सरकारले घोषणा गरेको छ ।

मतदान प्रक्रियाबाट प्रदेशको नाम 'मधेस' र राजधानी 'जनकपुरधाम' तोक्न सफल भएको खुसीयालीमा सार्वजनिक बिदा दिने घोषणा गरेको सरकारका प्रवक्ता तथा अर्थमन्त्री शैलेन्द्रप्रसाद साहले बताए ।


# पर्साका दलितहरूप्रति सकारात्मक विभेद जारी

प्रस, वीरगंज, ३ माघ/

पिस फर नेपाल दलित फाउन्डेशनका अध्यक्ष मनोज रामले पर्सा जिल्लामा अहिले गैरदलितहरूबाट सकारात्मक विभेद भइरहेको आरोप लगाएका छन् ।

प्रतीकसँग कुरा गर्दै उनले पुरानो शैलीमा परिमार्जित भएर अहिले समाजमा गैरदलितहरूबाट दलितहरूसँग सकारात्मक विभेद भइरहेको बताए । उनले पढेलेखेका दलितहरूसँग एकथरी र अनपढ दलितहरूसँग पूर्ववत् व्यवहार भइरहेको र यसलाई सकारात्मक विभेदको संज्ञा दिएको बताए ।

पर्सा जिल्लामा अहिले पनि दलितहरूले पकाएको नखाने, विवाहमा उनीहरूका लागि छुट्टै व्यवस्था गर्ने, छुवाछूतलगायत विभेद विद्यमान रहेको बताए । समयसापेक्षरूपमा पढेलेखेका, बुझेका गैरदलितहरूबाट देखावटीरूपमा दलितहरूप्रति सकारात्मक टीकाटिप्पणी खाता खोल्न लगाउने र उनीहरूको चेक आफैंले लिएर अनियमितता गर्ने गरेको बताए। यही कारणले अहिले कार्यक्रममा उनीहरूको आर्थिक अवस्थामा सुधार नहुँदा दलित बालबालिकाको पहुँच शिक्षामा बढ्न नसकेको अध्यक्ष रामले बताए ।



सडकमै बोरा बिछ्याएर ट्युशन पढ्दै



घुर तापेर जाडो भगाउँदै दलित । तस्वीरः प्रतीक

भए पनि व्यवहारमा उनीहरूबाट पनि पूर्णरूपमा अहिलेसम्म विभेद नहटेको आरोप लगाए ।

अध्यक्ष रामले पर्सा जिल्लाको विभिन्न स्थानमा रहेका दलितहरूको अहिलेसम्म शिक्षा, रोजगारमा पहुँच नबढेकोले उनीहरू आर्थिकरूपमा समस्याग्रस्त रहँदै आएको बताए। अहिले पनि सरकारले सञ्चालन गरेको जनता आवास कार्यक्रममा पर्साका दलितहरू थोरैमात्र परेका र अधिकांश दलित फूस, खपडा र टायलको घरमा बस्दै आएको बताए ।

सरकारले दलितहरूको लागि सघन कार्यक्रम अन्तर्गत पचास हजारका दरले कर्कटपाता खरीद गर्ने व्यवस्था गरे पनि जिल्लाका थुप्रै दलितहरू यो कार्यक्रममा पनि ठगिएको उनले बताए । ठूलो सङ्ख्यामा दलितहरू रहे पनि १० प्रतिशत दलितलाई यो कार्यक्रममा पारिएको र त्यसमा पनि बिचौलियाहरूले दलितको परेका १० प्रतिशत दलितहरूको टीनको छाना पनि बन्न नसकेको अध्यक्ष रामले बताए। सर्वत्र टीन मात्रै दलितको घरमा छ तर घर निर्माण हुन सकेको छैन । भएको पैसा बिचौलियाले आफ्नो अधीनमा लिएपछि उनीहरूको टीनको घर बन्न नसकेको हो । धेरै दलितहरू भूमिहीन भएका र उनीहरू दैनिक जनामजदूरी गरेर जीवनयापन गर्दै आएकोमा विपद्को समयमा उनीहरूको अवस्था एकदमै दयनीय हुने गरेको बताएका छन् ।

वर्षायाममा घरमा पानी चुहिने र जाडोमा चीसो हावाले कठ्याङ्ग्रिएर दलित परिवार बस्दै आएको र उनीहरूको जीवन उकास्न तीनवटै तहको सरकारबाट सकारात्मक कदम नचालिएको आरोप लगाएका छन् । दलित समुदाय दैनिक ज्यालादारी गर्ने, माछा मार्ने र रोजगारको लागि जिल्लाबाहिर जानुपर्ने अवस्था विद्यमान रहेको र यसै कारण बताए ।

पिस फर दलित फाउन्डेशनले दलित बालबालिकाहरूको अध्ययनमा पहुँच र रुचि बढोस् भनेर अहिले जिल्लाको चार स्थानमा ट्युशन सञ्चालन गरेको र त्यसबाट करीब चार सय बालबालिका लाभान्वित हुँदै आएका बताए । सखुवापरसौनी गापा-५ महुवन, वडा नं. ३ कौवा वनकटैया, जीराभवानी गापा-४ सुपौली र वीरगंज-१९ केहुनियामा रहेका दलित बालबालिकाहरूलाई सडक-फूटपाथमा बसाएर चारजना स्वयंसेवक शिक्षकहरूबाट बिहान र बेलुका ट्युशन पढाइने गरेको उनले बताए । आफ्नो फाउन्डेशनले स्थानीय सरकारलाई खबरदारी गर्ने, दलितमैत्री बजेट बनाउन दबाब दिनेजस्ता कार्यहरू गर्दै आए पनि आशाप्रद सुधार नभएको उनको गुनासो छ। पर्सा जिल्लामा सबैभन्दा बढी दलित सखुवापरसौनी गापाको महुवनमा छ । वडा नं. १ मधुवन मथवल, वडा नं. ३ कौवा वनकटैया, वडा नं. ५ महुवन, वडा नं. ६ एकडर्वा गाउँमा दलितहरूको बसोवास रहेको उनले बताए ।

यसैगरी जीराभवानी गापाको सुपौली, कोढौली, भवानीपुर, पकाहामैनपुरको खेसाहा, जगरनाथपुर गापाको सुहपुर, सोहरी, पर्सागढीको बडनिहार, पोखरियाको मननपुर, जगतपुर, वीरगंज महानगरको १, २, ४, ६, ७, १५ लगायतमा दलितहरूको बसोवास छ। फाउन्डेशनले पर्सा जिल्लामा रहेका दलितहरूको यकीन सङ्ख्या सङ्कलन गर्न नसकेको र यो कार्यलाई प्राथमिकतामा नराखेको उनले बताए ।


# पतौरामा १२औं शताब्दीको अवशेष भेटियो

प्रस, रौतहट, ३ माघ/

रौतहटको मौलापुर-५ पतौरामा नेपाल पुरातत्त्व विभागले उत्खनन कार्य त्यस्तै कलात्मक ईंटा र विभिन्न किसिमका रातो माटाका भाँडा आदि अवशेष भेटिएको छ । भेटिएका यी वार्षिक कार्यक्रम अनुसार मौलापुरमा उत्खनन शुरू गरिएको जनाइएको छ।

टोलीमा प्रमुख पुरातत्त्वविद् तिवारी,

तस्वीरः प्रतीक



शुरू गरेको छ।

पुस २३ गतेदेखि शुरू भएको उत्खनन कार्यबाट ९X५ मिटरको गारो (पर्खाल)सहितको मन्दिरको अवशेष भेटिएको छ।

अवशेषहरू १२औं शताब्दीको रहेको पुरातत्त्वविद् देवेन्द्रनाथ तिवारीले बताए।

उत्खननको लागि २०७५-७६ तिर जिओ-फिजिक्स गरिएको थियो, जसले गर्दा चालू आवमा पुरातत्त्व विभागको पुरातत्त्व अधिकृत विष्णु पाठक, आर्किटेक्ट रोशनी महर्जन, छविकार राजकुमार बन्जारा, प्राविधिक सहायक प्रतिमा सापकोटा र विराटबहादुर थापा छन् ।

# भडौरा खोलाको पुल नबन्दा किसानलाई सास्ती

बलिराम शुक्ला, बिरुवागुठी, ३ माघ/

पर्सागढी नगरपालिका-३ बडनिहारदेखि गोडपसरा गाउँ जाने कृषि सडकखण्ड अन्तर्गत भडौरा खोलामा पुल नबन्दा त्यस भेगका किसान वर्षौंदेखि सास्ती भोग्दै आएका छन् ।

भडौरा खोलामा पुल नहुँदा किसानले उत्पादन गरेको धान, गहुँ, मकैलगायत अन्नबाली भित्र्याउन गाह्रो हुने गरेको छ। किसानले परिश्रम गरी उब्जाएको बाली भित्र्याउन खोला भएर ट्याक्टर र टायरगाडाबाट ल्याउने गरिएको वडा नं ३ का किसान कुस्माकर पौडेलले बताए।

भडौरा खोला आसपास क्षेत्रमा करीब सय बिघाभन्दा बढी जग्गामा खेती हुने गरेको छ तर पुल नबन्दा स्थानीयलाई निकै समस्या हुन्छ ।

तस्वीरः प्रतीक



## विचारसार र सूक्तिहरू

**जिन्दगीबाट सिक्नुपर्ने एउटै महत्त्वपूर्ण कुरा हो, भ्याएसम्म आफूले दिनु, अरूबाट आस नगर्नु ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२

email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


## दलहरू तात्दैछन्

**लोकतान्त्रिक व्यवस्थामा राजनीतिक दलहरूको अनिवार्यता जति आवश्यक छ, जन-चाहना पूरा गर्ने-गराउने सवालमा पनि उत्तिकै आवश्यकता हुन्छ । सत्तामा बसेको दलले जन-चाहना र आवश्यकताका कामहरू गर्ने र सत्ताइतर पक्षले सत्तापक्षलाई ती काम अविलम्ब गर्न दबाब दिने । यस कसीमा नेपालका राजनीतिक दलहरू कहिले खरो साबित हुन सकेनन् । प्रतिपक्षको राम्रो कामको विरोध गर्न सिपालु त हाम्रा दलहरू देखिएका छन् र जनपक्षीय काममा दबाब सिर्जना गर्ने कुरा काकताली परेर मात्र हुने गर्छ । अहिले नेपाली काङ्ग्रेसले वीरगंजमा त्यस्तै गरिरहेको छ। वीरगंजका मुख्य सडकहरू यति बिग्रे-भत्केको अवस्थामा पुगेका छन् कि कसैले पनि कुनै कारणले मरम्मत नभएको होला भन्ने सोच्दैन, महानगरलाई नै मात्र दोषारोपण लगाउँछ। हो पनि, महानगर स्वयं स्थानीय सरकार भएपछि आफ्नो क्षेत्रको नागरिकको कस्तै पनि समस्या समाधानमा उसको स्वयमेव जाँगर पुग्नुपर्ने हो । खासगरी चौबाटाहरू त यतिसम्म विकृत अवस्थामा पुगेका छन् कि त्यसलाई हेरेर कसैले पनि वीरगंजमा कुनै पनि प्रकारको सरकार छ, कसैले जनताप्रति दायित्वबोध गरेको छ जस्तो लाग्दैन ।**

**दक्षिणबाट वीरगंजको सीमा आरम्भ हुनेबित्तिकैदेखि शुरू हुने सडकको दुर्दशा हेर्दा कसले भन्छ यहाँ सरकार छ ? सीमाबाट शुरू भएको यो लथालिङ्ग अवस्था रजतजयन्ती चोक, वीरगंजको मुटु मानिएको घण्टाघर, पावर हाउस चोक र वीरगंजको उत्तरी सिमाना गण्डक चोकसम्म पुगेको छ। यो मूल सडकको कथा हो, भित्री सडकहरूको दुर्दशाको अनुमान यसैबाट लगाउन सकिन्छ । यसको एउटा मात्र कारण हो वीरगंजको मूल सडक त्रिभुवन राजमार्गको खण्ड हुनु । राजमार्ग भनेपछि त्यसको रेखदेख, मरम्मत-सम्भार गर्ने जिम्मा सडक विभागको हो । कुरा यही बाझिन्छ, के सडक विभागले मरम्मत गर्दैन भने सडकलाई यस्तै दुर्दशापूर्ण अवस्थामा रहन दिने ? सडक विभाग सङ्घ सरकार मातहत काम गर्छ। जुन सरकारलाई चासो हुने कुरै आएन, त्यसमाथि वीरगंज; तराईको मुख्य शहर, मधेस आन्दोलनको इपिसेन्टर, केन्द्रको प्राथमिकता त के, झारा टराइको सीमामा पनि पर्दैन । तर वीरगंजको सडकमा दिनहुँ हिंड्ने पहिलो र अन्तिम व्यक्ति त वीरगंजवासी हो। वीरगंजवासी भन्नेबित्तिकै वीरगंज महानगरको दायित्वभित्र पर्ने नागरिक हो । केही लाख रुपियाँ खर्चेर के महानगरले दायित्व बाहिरको सडकको मरम्मत सम्भार गर्न सक्दैन ? त्यत्ति कुराका लागि अहिले वीरगंज केन्द्रित नेपाली काङ्ग्रेसले आन्दोलन छेडेको छ ।**

**नेपाली काङ्ग्रेसले राम्रो कामका लागि विरोध गरेको हो । तर यो काम आज मात्र राम्रो भएको होइन, हिजो गरेको भए पनि राम्रै हुन्थ्यो, अझ राम्रो हुन्थ्यो । किनकि जनतालाई महसूस हुन्थ्यो कि एउटा यस्तो पनि राजनीतिक दल छ, जसलाई जनसरोकारसँग वास्ता छ । आज किन गरिरहेको छ भने निर्वाचन आउँदै छ । निर्वाचनकै लागि सत्तामा भएका हाम्रा राजनीतिक दलहरू यस्ता काम गर्छन्, प्रतिपक्षीहरू काम नभएकोमा विरोध देखाउँछन्। राजनीतिक दलहरू ठान्दछन् चुनावका बेला यस्तो काम गऱ्यो भने भोट पाइन्छ । तर उनीहरू के बिर्सन्छन् भने जुन जनताले चार वर्षसम्म दुर्दशा भोग्यो, उसले आज काम गर्न तत्पर हुनु र विरोध गर्नुको अर्थ बुझ्दैन ? यो अर्थ बुझ्ने मानसिकस्तरसम्म हाम्रा राजनीतिक दलहरू जुन दिन पुग्छन्, देशमा रामराज्य स्थापना हुन्छ ।**

# शरीर दान गर्न पाउने कानून बनाउनुपऱ्यो सरकार

स्वतन्त्र विचार



**वैधनाथ श्रमजीवी**
baidhnath2071@gmail.com

> **वास्तवमा विद्यादानभन्दा पनि शरीर दान ठूलो हो । तर नेपालमा यससम्बन्धी कानूनको अभावले शरीर दान गर्दा थोरै कानूनी अड्चन रहेको देखिन्छ । शरीरका विभिन्न भागहरू दान गर्ने कानूनी व्यवस्था भए पनि सिङ्गै शरीर दान गर्ने कानून हालसम्म संसद्ले पास गरेको छैन ।**

दान भन्नाले मूलतः दिने बुझिन्छ । कुनै पनि वस्तु यदि कसैलाई निश्शुल्क दिइन्छ भने त्यसलाई दान भनिन्छ। दान भनेपछि त्यहाँ दोहोरो कार्य भएको हुन्छ, एउटाले लिने अर्कोले दिने। यति बेलाको युग विज्ञान तथा प्रविधिको युग हो । विज्ञानको चमत्कारी अविष्कारहरूले गर्दा मानव जीवन अत्यन्तै सहज हुन पुगेको छ । यो समय विज्ञानको उन्नति र प्रगतिको हिसाबले स्वर्णयुग नै हो। मानिसहरूले सोच्दै नसोचेको क्षेत्रमा अत्यधिक प्रगति गर्न सफल भएको छ । तर ज्ञान र प्रविधिको यस्तो स्वर्ण युगमा पनि मानिसहरूले दुई छाक पेटभरि खान नपाउनु निस्सन्देह अत्यन्त दुःखद कुरा हो। छाक टार्नको लागि, आङ ढाक्नको लागि र टाउकोमा ओत दिन सक्ने एक थान वासको लागि मानिस आफ्ना जहान परिवार, लालाबाला, साथी-सङ्गति, इष्टमित्र, नाता-कुटुम्ब, गाउँघर, सबै त्यागेर विदेशिनुपर्ने बाध्यता, गरीबीमा हुर्केर त्यसबाट त्राण पाउन लाखौं करोडौं मानिस विवश हुनु खेदजनक कुरा हो ।

हो, यहींनिर एकातर्फ जहाँ लाखौं करोडौं मानिस भोक र बेरोजगारले थलिएका छन् त्यही मुट्ठीभर मानिस अमीर छन्, जोसँग अर्बौं-खर्बौंको श्रीसम्पत्ति छ। यिनै मानिसहरू आफूलाई दयावान देखाउन धार्मिक तथा सामाजिक व्यक्तित्वको रूपमा परिचय दिलाउन आफैंद्वारा निर्मित कङ्गालहरूलाई, जसको हक खोसेर, ठगेर, चोरेर, थुपारेको सम्पत्ति हो, त्यसको नगण्य भाग दानको रूपमा दिन अगाडि सर्ने गर्छन् । तिनै भोका-नाङ्गा, गरीब, मजदूरको भाग (गाँस) खोसेर थुपारेको सम्पत्तिबाट समाजका यी सज्जन तथा भलाद्मीको श्रेणीमा पर्ने चोर, डाँका, तस्कर, माफिया, भ्रष्टाचारी, दलाल आदिले कतै मन्दिर बनाउन वा बनाएर, कतै धर्मशाला, कतै विद्यालयमा कक्षा कोठा आदि निर्माणमा सघाएर दानको परम्परालाई कायम राख्दै आएका छन्।

समाजभित्र असमानता-विभेद खडा गरेर आर्थिकरूपमा राज्यबाटै संस्थागत रूपमा गरीब उत्पादन गर्ने आर्थिक प्रणाली (वर्तमानमा दलाल, पूँजीवादी व्यवस्थाले अङ्गीकार गरेको असमान सम्पत्ति विवरण) सयकडौं, हजारौं वर्षदेखि चलाएका छन् । चाहे त्यो दासकालीन समाजको आर्थिक प्रणाली होस्, चाहे सामन्तीकाल वा पूँजीवादी साम्राज्यवादीकालका सबै समयमा आर्थिक रूपमा समाजमा विभेद उत्पन्न गरेर निमुखाहरूलाई दानको रूपमा नगण्य भाग, राहतको रूपमा बाँडेर वाहवाही लुट्ने चलन अझै पनि कायम छ ।

अहिले संसारभरि सहयोग गर्ने एउटा लहर चलेको छ। यस्ता आर्थिक सहयोगले निमुखाहरूको दुःख, अभाव, पीडा आदि टार्न रामवाण दवाइको रूपमा काम गरिरहेको पनि भनिन्छ। हुनत यस अर्थमा हेर्दा दानको यो पक्ष सकारात्मक नै हो। किनकि पुरानो कहावत छ- थोपा-थोपा पानीले समुद्र बन्छ । यसैगरी एक-एकजनाको सहयोग एकमुस्ठ रूपमा हेर्दा ठूलो राशि हुन जान्छ, जसबाट धेरै दुःखकष्ट हर्न सघाउ पुग्छ ।

वास्तवमा दान गर्ने प्रचलन निकै पुरानो छ । हिन्दूहरूको मनुस्मृतिमा दानबारे भनिएको छ- भोकोलाई अन्नदान गर्नाले सुख प्राप्ति हुन्छ। तिल दान गर्ने व्यक्तिले सन्तान प्राप्त गर्छ। दीप दानले राम्रो ज्योति प्राप्त गर्छ। भूमिदान गर्नाले भूमि, दीर्घायुको लागि स्वर्णदान, सुन्दरताको लागि चाँदी दान गर्नुपर्छ । यी दानहरूमध्ये सबैभन्दा ठूलो दान वेद दान अर्थात् विद्यादान हो किनकि विद्या न कसैले चोर्न सक्छ, न समाप्त गर्न सक्छ ।

यस अलावा हाम्रो समाजमा खास-खास समयमा दान दिए बढी लाभ हुने समेत चलन चलाएको भेटिन्छ । जस्तो कि ग्रहण लागेको बेला ग्रहणको प्रभावबाट मुक्त हुन दान दिने परम्परा छ। ग्रहणको मोक्षको अवस्थामा अन्न, वस्तु, धातु आदि साधुसन्त तथा दलितहरूलाई दान दिने चलन रहँदै आएको छ ।

त्यसैगरी मकर सङ्क्रान्तिको दिन पनि दान दिने चलन रहँदै आएको छ । ज्योतिषशास्त्र अनुसार सौरमासको हिसाबले माघे सङ्क्रान्तिदेखि सूर्य धनु राशिबाट मकर राशिमा प्रवेश गर्ने हुनाले यसलाई मकर सङ्क्रान्ति भनिन्छ। यो दिनदेखि सूर्य दक्षिणी गोलार्द्धबाट उत्तरी गोलार्द्धमा प्रवेश गर्ने भएकोले दिन लामो र रात छोटो हुँदै जाने विश्वास छ, जबकि पुस ७ देखि दिन लामो हुन थाल्छ । जेहोस् माघे सङ्क्रान्तिमा पनि दान लिने दिने गरिन्छ ।

दान दिने व्यक्ति सदैव अल्पसङ्ख्यक नै थिए र छन् पनि। करोडपति, अर्बपति र खर्बपतिको सङ्ख्या पहिले पनि समाजमा थोरै हुने गर्थ्यो र अहिले पनि थोरै नै छ, भविष्यमा समेत दलाल पूँजीवादी व्यवस्था कायम रहेसम्म थोरै नै रहने छ । तर यसविपरीत दान लिनेहरूको सङ्ख्यामा पहिले परम्पराको थालनी गर्दा याचक ब्राह्मणहरू मात्रै थिए, जसको सङ्ख्या समाजमा नगण्य थियो। यिनीहरू धनाढ्यहरूबाट मात्रै नभएर समाजको गरीब किसानसम्मको पूजापाठ तथा मरणोपरान्त क्रियाकर्म गरी दान लिने गर्थे र अझै पनि गर्छन्। तर समयको विकास सँगसँगै दान लिने ब्राह्मणहरूको एकलौटी कर्म भत्केको छ र यस वर्गमा अरू पनि गैरयाचकहरू जोडिएका छन्। अहिले सबैभन्दा ठूलो दान लिने वर्गमा नेताहरू देखिएका छन्। यतिबेला दानको स्वरूप बदलिएर चन्दामा रूपान्तरित भएको छ । समाजको मध्यम वर्गदेखि धनाढ्य वर्गसम्म चन्दा आतङ्कले त्रसित छन् । नेता, कार्यकर्ता, विद्यार्थी, पत्रकारलगायतको चन्दा-आतङ्कले दातावर्ग यति बिघ्न आतङ्कित छ कि चन्दाको 'च' पनि सुन्न चाहँदैन । हुनत परम्परादेखि नै चन्दा राजीखुशीले लिनेदिने भनिएको हो। जोरजबरजस्ती वा बेमनले लिंदादिंदा नर्क वा प्रहरीको हवालात हेर्नुपर्ने व्यवस्था छ, तर पनि चन्दा-आतङ्क मिथककथाको भूतजस्तै हुन गएको छ ।

जेहोस् दान दिन अहिले पनि मानिस तयार छन् र लिन पनि तम्तयार छन्। तर यो अवस्था सबै किसिमको दानमा छैन । नेपाली समाजमा केही दशकयता शरीर दान गर्नेसमेत परम्पराको शुरूआत भएको छ । वास्तवमा विद्यादानभन्दा पनि शरीर दान ठूलो हो। तर नेपालमा यससम्बन्धी कानूनको अभावले शरीर दान गर्दा थोरै कानूनी अड्चन रहेको देखिन्छ। शरीरका विभिन्न भागहरू दान गर्ने कानूनी व्यवस्था भए पनि सिङ्गै शरीर दान गर्ने कानून हालसम्म संसद्ले पास गरेको छैन। त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पतालको एनाटोमी विभागमा भएको रेकर्ड अनुसार हालसम्म त्यहाँ १३ जनाले आफ्नो शरीर स्वेच्छाले परिवारको सहमतिपत्र तथा आफ्नो इच्छापत्रको आधारमा दान गरेका छन्। अहिलेसम्म डा ऋषिकेश शाह, अङ्गुरबाबा जोशी, कृष्णप्रसाद, भरत उप्रेती, शुकदेव उपाध्यायलगायत महानुभावले आफ्नो शरीर दान गरेका छन् ।

जन्मेपछि एक दिन सबैले मर्नुपर्छ । मरेपछि शरीरलाई आगोमा जलाएर वा माटोमा गाडेर नष्ट गर्नुभन्दा मेडिकल कलेजका विद्यार्थीहरूलाई वर्षौंसम्म पढ्ने कार्यको लागि शरीर दान संसारको सबैभन्दा ठूलो दान पनि हो र आफ्नो शरीरको उत्तम व्यवस्थापन तथा सदुपयोग पनि हो जस्तो लागेर म र मेरी पत्नी भागिरथीकुमारी श्रेष्ठले यही २०७८ मङ्सिर २५ गते दान गरेका छौं।

# दुर्लभ वन्यजन्तु सालक संरक्षणसम्बन्धी गोष्ठी निजगढमा

प्रस, निजगढ, ३ माघ/

सामुदायमा आधारित सालक संरक्षण क्षेत्र स्थापनाका लागि एक दिने अन्तर्क्रिया कार्यक्रम निजगढमा सोमवार सम्पन्न भएको छ। सालक स्तनधारी र लजालु स्वभावको वन्यजन्तु हो। संसारमा ८ प्रजातिका सालक रहेको, जसमध्ये ४ प्रजाति युरोपियन मुलुक र ४ प्रजाति एशियन मुलुक पाइन्छ। एशियामा पाउने चार प्रजातिमध्ये कालो र तामे सालक नेपालमा पाइने जनाइएको छ । यसको संरक्षणमा जुट्न अति आवश्यक रहेको जानकार वक्ताहरूले बताए ।



तस्विर : जीतलाल श्रेष्ठ

यो प्रकृति, वनजङ्गल, मानव, खेतीपातीमा कुनै हानिनोक्सानी नगर्ने, खेतीपाती, वनजङ्गल सबैका लागि हितकारी र रक्षा गर्ने वन्यजन्तुको रूपमा पाइएको जानकारी दिइएको छ। यसको मुख्य आहारा कमिला, धमिरा रहेकोले वर्षमा दुई लाखभन्दा बढी खाने गर्दा कमिला, धमिराबाट वनजङ्गलका बोट बिरुवा, रूख र खेतीबालीमा हुने हानिनोक्सानी, क्षति नियन्त्रण गर्न सालकको महत्त्व निकै रहेको गोष्ठीमा जानकारी दिइएको थियो ।

संसारभरि बढीमा एक लाखको सङ्ख्यामा रहेको अनुमान गरिएको र राति हिंडडुल गर्ने, आहारा खोज्ने स्तनधारी वन्यजन्तुमा सालक पर्दछ । यसको शरीरको खवटा बहुमूल्य कपडाहरूको टाँक बनाउन तथा जडीजुटीमा प्रयोग हुने र केही देशहरूमा मासु खाने गरेकाले पनि यो अति दुर्लभ वन्यजन्तुको सूचीमा रहेको छ ।

तराईको धनुषा, महोत्तरी, सर्लाही, बारा, पर्सा, मकवानपुर र चुरे पर्वत, वन-जङ्गल र खेतीयोग्य क्षेत्रमा पाइने सम्भावना अधिक भएपनि मकवानपुरमा भने एक दशक अघिदेखि नै फेला परी संरक्षण अभियान जारी छ। खेतबारीमा विषादि प्रयोग गर्नाले कमिला, धमिरा नष्ट भएर आहाराका कमीले गर्दा यो लोप हुने अवस्थामा पुगेकोले यसको उचित संरक्षण नगर्ने हो भने दुई/तीन दशकभित्र यसको अस्तित्व मेटिने सम्भावना रहेको विज्ञ एवं जानकारहरूले बताएका थिए।

नेपालमा पहिलोपटक रानी सामुदायिक वन उपभोक्ता समूह, हेटौंडाले सालक संरक्षणको लागि प्रयास गरी राष्ट्रियकरण गर्दै निरन्तर संरक्षणमा जुटेको वन समूहका कार्यालय सचिव भीमसेन पौडेल र सोही ठाउँको चुच्चे खोला सामुदायिक वन उपभोक्ता समूहले यसको संरक्षण, अभियानकै रूपमा गर्दै आएको अर्जुन दाहालले बताएका थिए ।

कार्यक्रममा देवनारायण मण्डल, प्रदीप सेढाईंले सहजीकरण गरेका थिए। कार्यक्रममा सामुदायिक वन महासङ्घ प्रदेश नं. २ का अध्यक्ष सोमप्रसाद शर्माले अति दुर्लभ सूचीमा रहेको सालक संरक्षणमा सरोकारवालाहरू मात्र नभई राज्य पक्ष पनि जिम्मेवारीपूर्ण ढङ्गले लाग्नुपर्ने कुरामा जोड दिइएको थियो ।

जियोलोजिकल सोसाइटी अफ लन्डन युके (जेडएसएल) को आर्थिक सहयोगमा मिथिला वाइल्ड लाइफ ट्रस्ट जनकपुर र हिमालयन नेचर काठमाडौंको संयुक्त आयोजनामा निजगढस्थित होटल तारा इनमा कार्यक्रम सम्पन्न भएको थियो। कार्यक्रममा धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, मकवानपुरका करीब २५ जना सहभागी थिए ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

## वीरगंजमा एउटै पसल कोठाको एक लाखभन्दा बढी भाडा

# घरधनीले तिर्दैनन् घरबहाल कर

राधेश्याम पटेल, वीरगंज, ३ माघ/

मुलुकको प्रमुख भन्सार नाका र आर्थिक नगरी वीरगंजमा भाडामा पसल पाइँदैन। माग बढी र कोठा सीमित हुँदा पसलको अभाव भएको छ। पहिलेदेखि वीरगंज बजारको अवस्था पुरानै छ। वीरगंजको घण्टाघरदेखि रजतजयन्ती चोकसम्म सडक चौडा पार्ने सरकारको लक्ष्य रहे तापनि सर्वोच्च अदालतमा मुद्दा चलिरहेकोले सडक विस्तार कार्य रोकिएको छ। जसले गर्दा वीरगंजको मुख्य सडक भत्काइएको छैन।



तस्वीरः प्रतीक

यसैलाई आधार बनाएर वीरगंजमा सटर भाडा पनि बढाउँदै लगिएको पसलेहरूले बताएका छन्। दुई वर्षदेखि कोरोना महामारीको कारण व्यापार मन्दा र घाटा लागेपनि घरधनीले पसल भाडा हरेक वर्ष १० प्रतिशतले वृद्धि गर्दै लगेको बताएका छन्। माईस्थानका पसलेहरूका अनुसार पहिले मासिक ४० हजार भाडा दिएर मध्यम साइजको कोठामा पसल गर्दै आएकोमा यस वर्ष घरधनीले ५० हजार भाडा दिन ताकेदा गरिरहेको बताए। माईस्थानकै सैमसङ पसल पहिले ७० हजारमा भाडामा लागेको थियो भने अहिले नयाँ पसलेले एक लाखमा भाडामा लिएर नयाँ स्वरूपमा पसल डेकोरेट गरिरहेको छ। मुख्यगरी वीरगंज घण्टाघर-लिंकरोड, घण्टाघर-रानीघाट, घण्टाघर-माईस्थान-आदर्शनगर-छपकैया, घडिअर्वा, आदर्शनगर, कुमालटोल, गहवामाई मन्दिर, गहवामाई दुई नम्बर रोडलगायत क्षेत्रमा घर तथा कोठाको भाडा बढाइएको छ। साथै घरधनीले बिजुली तथा पानीको छुट्टै भाडा लिने गरेका छन्।

महँगो भाडाका कारण गाउँ देहातबाट पसल व्यवसाय गर्न आएका केही पसलेहरू ६ महीनामा पसल व्यापार गरी सटर छोडेर पसल बन्द गर्ने र अर्कै सस्तो ठाउँमा सर्ने गरेका छन्। एउटा पसले छोडेर गएपछि अर्को पसलेसँग केही बढाएर घरबेटीले पसल भाडामा लगाउने गरेका छन्। घण्टाघरदेखि आदर्शनगर, मीनाबजार, माईस्थान, घडिअर्वा, कुमालटोललगायत क्षेत्रमा १५ हजारदेखि एक लाखमा पनि कोठाको स्पेस अनुसार मासिक भाडा रहेको छ। सहायक सडकको गल्लीहरूमा ४ हजारदेखि १० हजारमा पनि कोठा पाउने गरेको छ। पर्सामा पसल व्यापार गर्ने कुल करदाता करीब ४० हजार रहेकोमा ठूलाबडा गरी वीरगंज बजारमा करीब १० हजार पसल सञ्चालनमा रहेको आन्तरिक राजस्व कार्यालयको तथ्याङ्क छ। वीरगंजका करीब दर्जनौं सडक छेउछाउमा हरेक ठाउँमा पान पसल,खाद्यान्न पसल, तरकारी, पसल,किराना पसल, कपडा, होलसेल, डिपार्टमेन्टल स्टोर्स, होटल तथा नाश्ताघर, रेस्टुरेन्ट तथा बार, कस्मेटिक, जुत्ता चप्पल, हार्डवेयर, इलेक्ट्रिक, सैलुन, ब्युटीपार्लर, गल्लाभण्डारलगायत पसलहरू सञ्चालनमा छन्।

### मोटो भाडा लिए पनि घरबहाल तिर्दैनन् घरधनी

वीरगंज बजार क्षेत्रका घरधनीहरूले समयमा घरबहाल कर तिर्दैनन्। पहिले घरधनीहरूले बर्सेनि कुल आर्जन गरेको घरभाडाबाट १० प्रतिशत घरबहाल कर र २ प्रतिशत सेवाशुल्क गरी १२ प्रतिशत कर तिर्ने नियम रहे तापनि वीरगंज महानगरले चालू आवमा उक्त दर १० प्रतिशतमा झारेको छ। वीरगंज महानगरका मेयर विजयकुमार सरावगीका अनुसार कुल घरधनीले आम्दानी गर्ने घरभाडामध्ये करिब ६० प्रतिशतले घरबहाल कर समयमा नतिर्ने गरेको बताए। "हजारौं कोठा तथा घर भाडामा लागेको छ वीरगंजमा, तर लक्ष्य अनुसार कर उठाउन सकिएको छैन"- उनले भने-"तिर्नेले पनि घपलाबाजी गर्छन्,१० हजार प्रतिमहीना लागेको कोठा २ हजारमा लगाएको भनेर कर तिर्न आउँछन्।"

वीरगंज महानगरका राजस्व प्रशासन महाशाखाका प्रमुख रूपनारायण राउतका अनुसार वीरगंजको केही निश्चित क्षेत्रबाहेक अन्य ठाउँमा न्यूनतम भाडा तोकिएकोले सोभन्दा कम गर्न नमिल्ने बताए। तर केही घरधनीले महानगरको मूल्याङ्कन र अपेक्षाभन्दा कम कर तिर्ने गरेको उनले बताए। उनका अनुसार गत आवमा करीब ७० करोडभन्दा बढी आन्तरिक स्रोतबाट राजस्व सङ्कलन गर्ने लक्ष्य रहेकोमा चालू आवमा ९५ करोड सङ्कलन गर्ने लक्ष्य रहेको बताए। उनले गत साता सम्पन्न नगरसभाबाट उक्त रकममा वृद्धि गरी एक अर्बभन्दा माथि लक्ष्य निर्धारण गरिएको बताए। उनले करदाताहरूले वडा कार्यालयको उदासीनताका कारण कम कर तिर्दा पुस मसान्तसम्म ६ महीनामा जम्मा ३२ करोड मात्र राजस्व सङ्कलन भएको बताए।

## कोरोना खोप लक्ष्यउन्मुख बुस्टर डोज दिन शुरू

-शरद शर्मा

काठमाडौं, ३ माघ/रासस

सरकारले कोरोना भाइरसविरुद्ध खोप लक्ष्यउन्मुख जनसङ्ख्यालाई लगाएको छ। छ महीना अघि बनेको वर्तमान सरकारले नागरिकलाई कोरोनाविरुद्ध खोपलाई प्राथमिकता दिएको थियो र पुस मसान्तसम्म लक्षित समुदायको दुईतिहाई जनसङ्ख्यालाई खोप दिने लक्ष्य लिएको थियो।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले अहिले ७९.५ प्रतिशत पहिलो मात्रा र करीब ६१ प्रतिशत पूर्ण मात्राको खोप लगाएको छ। दुईतिहाई ६६ प्रतिशतमध्ये पहिलो मात्रा लक्ष्यभन्दा बढी अर्थात ७९.५ प्रतिशत हो भने पूर्ण मात्रा पनि लक्ष्यको नजीक पुगेको छ।

सरकारले लिएको खोपको लक्ष्य अनुसार कार्यक्रममा सफलता पाइरहेको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ। त्यस्तै अहिलेसम्मको तथ्याङ्क हेर्दा मनाङ, मुस्ताङ र कास्कीमा शतप्रतिशत खोप दिइएको छ। सरकारले पुस मसान्तभित्र जनसङ्ख्याको दुईतिहाई र चैत मसान्तसम्म १६ वर्ष माथिका सबैलाई खोप लगाउने लक्ष्य लिएको छ।

यता सरकारले अग्रपङ्क्तिमा काम गर्नेलाई 'बुस्टर' डोज दिन थालेको छ। यस्तै माघ १४ गतेदेखि ६० वर्षभन्दा माथिका सबै ज्येष्ठ नागरिक र रोग प्रतिरोधात्मक क्षमता कम भएका व्यक्तिलाई 'बुस्टर' डोज दिने भएको हो। सो कार्य शुरू भइसकेको छ। सरकारले १८ वर्षभन्दा माथिका एक करोड ९९ लाख २२ हजार १६४ जनालाई खोप लगाउने लक्ष्य लिएको थियो। पहिलो मात्रा एक करोड ५८ लाख ३७ हजार ६७१ जना र पूर्ण मात्रा एक लाख २१ हजार २७ लाख ८२९ जनाले लगाएका छन्। कुल जनसङ्ख्याको भने पहिलो मात्रा ५२.१ प्रतिशत र पूर्ण मात्रा ३९.९ प्रतिशतले लगाएका छन्।

यस्तै १२ देखि १७ वर्ष उमेर समूहका बालबालिकालाई मन्त्रालयले मोडर्ना र फाइजर खोप लगाइरहेको छ। बालबालिकालाई अहिलेसम्म ५२ प्रतिशत पहिलो मात्रा र ०.१ प्रतिशत पूर्ण मात्राको खोप लगाइसकेको स्वास्थ्य सेवा विभागको परिवार कल्याण महाशाखाका निर्देशक डा विवेककुमार लालले जानकारी दिए।

### वाग्मती र गण्डकी प्रदेशमा लक्ष्य अनुसारको खोप

उनका अनुसार प्रदेश अनुसार वाग्मती र गण्डकीले लक्ष्य अनुसार खोप लगाइसकेका छन्। वाग्मती प्रदेशले पहिलो मात्रा ८२ प्रतिशत र पूर्ण मात्रा ७६ प्रतिशत तथा गण्डकी प्रदेशले पहिलो मात्रा ८३ प्रतिशत र पूर्ण मात्रा ८२ प्रतिशत खोप लगाइसकेको छ।





धनगढी उपमहानगरपालिकाको कार्यालय परिसरमा सोमवार कोभिड -१९ विरुद्धको दोस्रो खोप भेरोसेल लगाउन लाइनमा बसेका नागरिक। तस्वीरः रासस

प्रदेश नं १ ले पहिलो मात्रा ७४ प्रतिशत र पूर्ण मात्रा ५४ प्रतिशत, प्रदेश नं २ ले पहिलो मात्रा ५७ प्रतिशत र पूर्ण मात्रा ४८ प्रतिशत, लुम्बिनी प्रदेशले पहिलो मात्रा ७३ प्रतिशत र पूर्ण मात्रा ५७ प्रतिशत, कर्णाली प्रदेशले पहिलो मात्रा ५६ प्रतिशत र पूर्ण मात्रा ५१ प्रतिशत तथा सुदूरपश्चिम प्रदेशले पहिलो मात्रा ६४ प्रतिशत र पूर्ण मात्रा ५९ प्रतिशत खोप लगाइसकेका छन्।

### मनाङ, मुस्ताङ र कास्कीमा शत प्रतिशतलाई खोप

महाशाखाका निर्देशक डा लालका अनुसार मनाङ, मुस्ताङ र कास्की जिल्लाले पूर्ण मात्राको शत प्रतिशत नै खोप लगाइसकेका छन् भने बाजुरा जिल्लाले पहिलो मात्रा खोप लक्षित वर्गको शत प्रतिशतलाई लगाइसकेको छ।

गण्डकी प्रदेशमा नवलपरासी (पूर्व) बाहेक सबै जिल्लाले लक्ष्य अनुसार दुईतिहाई जनसङ्ख्यालाई खोप लगाइसकेका छन्। प्रदेश नं १ का ताप्लेजुङले ६६.४ प्रतिशत, संखुवासभाले ७७.६ प्रतिशत र ओखलढुङ्गाले ६९.८ प्रतिशत पूर्ण मात्रा खोप लगाइसकेका छन्। प्रदेश नं २ का कुनै पनि जिल्लाले लक्ष्य अनुसार पहिलो र पूर्ण मात्राको खोप लगाएका छैनन्।

वाग्मती प्रदेशका धादिङ, नुवाकोट, सिन्धुली र मकवानपुरबाहेक सबै जिल्लाले पूर्ण मात्राको खोप लक्ष्य अनुसार दुईतिहाई जनसङ्ख्यालाई लगाइसकेका छन्। काठमाडौंमा ९०.६ प्रतिशत, भक्तपुरमा ९२ प्रतिशत र ललितपुरमा ८४.९ प्रतिशत लक्षित जनसङ्ख्यालाई पूर्ण मात्राको खोप दिइएको छ।

यस्तै लुम्बिनी प्रदेशमध्ये रोल्पाले ६९.८ प्रतिशत, अर्घाखाँची ६६.६ प्रतिशत, पाल्पा ८०.२ प्रतिशत, रूपन्देही ७८.३ प्रतिशतमा पूर्ण मात्राको खोप लगाई लक्ष्य भेटेका छन्। यस्तै कर्णाली प्रदेशको सुर्खेत जिल्लाले मात्र पूर्ण मात्रा ६५.३ प्रतिशत र सुदूरपश्चिमको बाजुरा जिल्लाले पूर्ण मात्रा ७४.९ प्रतिशत, दार्चुलाले पूर्ण मात्रा ६८.४ प्रतिशत, कञ्चनपुर जिल्लाले पूर्ण मात्रा ७०.९ प्रतिशत लगाएको छ।

### ३३ पालिकाले शतप्रतिशत खोप लगाए

उनका अनुसार ३३ स्थानीय तहले लक्षित जनसङ्ख्याको शत प्रतिशतलाई पूर्ण मात्राको खोप लगाएका छन्। ओखलढुङ्गाका सिद्धिचरण नगरपालिका र खिजीडेम्बा गाउँपालिका, झापाको कन्काई नगरपालिका र बिर्तामोड नगरपालिका, दोलखाको गौरीशङ्कर गाउँपालिका र जिरी नगरपालिका, रसुवा गोसाइँकुण्ड गाउँपालिका र उत्तरगया गाउँपालिकाले शत प्रतिशतलाई खोप लगाइसकेका छन्।

यस्तै काठमाडौंको कागेश्वरी मनहरा नगरपालिका, भक्तपुर नगरपालिका र चाँगुनारायण नगरपालिका, ललितपुरको महालक्ष्मी नगरपालिका, काभ्रेको धुलिखेल नगरपालिकाले लक्षित जनसङ्ख्यालाई शत प्रतिशत खोप

(बाँकी चौथो पातामा)

## सामुदायिक श्रीपुरलाई कम्प्युटर हस्तान्तरण

प्रस, वीरगंज, ३ माघ/

वडाध्यक्ष भरतप्रसाद कुर्मीले





तस्वीरः सौजन्य

सामुदायिक सेवा केन्द्र श्रीपुर-मुर्लीलाई एक थान कम्प्युटर सहयोग गरेका छन्। वीरगंज-१४ का वडाध्यक्ष कुर्मीले सोमवार कार्यक्रम आयोजना गरी केन्द्रका अध्यक्ष राम सर्राफलाई कम्प्युटर हस्तान्तरण गरेका थिए।

सो अवसरमा वडाध्यक्ष कुर्मीले प्रविधिमैत्री बनाउनको लागि सामुदायिक सेवा केन्द्र श्रीपुरलाई कम्प्युटर हस्तान्तरण गरिएको बताए। कार्यक्रममा प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनाल, वरिष्ठ उपाध्यक्ष जयलाल साह, सचिव दिलीप प्रधान, सदस्य हीरा गिरी, राजेश सिंह, अजित भुजेल, प्रअ जयमङ्गल सहनी, प्रज अमित यादवलगायतको सहभागिता थियो।

## डा बराललाई र गुरुङलाई सम्मान र पुरस्कार

काठमाडौं, ३ माघ/रासस

नेपाली प्रतिभा प्रतिष्ठान, बेलायतले सन् २०२१ का लागि सम्मान तथा पुरस्कार घोषणा गरेको छ। प्रतिष्ठानका अध्यक्ष गणेश राईको अध्यक्षतामा बसेको भर्चुअल बैठकले वरिष्ठ गीतकार प्रा डा कृष्णहरि बराललाई रु ५० हजारको 'प्रतिभा सम्मान' र युवा सङ्गीतकार गणेश गुरुङलाई रु एक लाखको 'प्रतिभा पुरस्कार' प्रदान गर्ने निर्णय गरेको प्रतिष्ठानका महासचिव देवेन्द्र खेरेसले जानकारी दिए।

सन् २००८ मा बेलायतमा स्थापित सो संस्थाबाट हालसम्म ईश्वर मानन्धर, अम्बर गुरुङ, जीवी लुगुन, भक्तराज आचार्य, प्रा डा गोविन्दराज भट्टराई, बुँद राना, टेकवीर मुखिया, प्रद्युम्न श्रेष्ठ (सिक्किम) र भागीरथी श्रेष्ठ, वेणु आचार्य, दावा ग्याल्मो (दार्जिलिङ) का साथै गोपाल पराजुली र डा राजेन्द्र विमल सम्मानित भइसकेका छन्।

यसैगरी 'प्रतिभा पुरस्कार'बाट हालसम्म नवीन विभास, कुबेर राई, उपेन्द्र सुब्बा, श्रवण मुकारुङ, मोमिला जोशी, राजकुमार दिक्पाल, भूपाल राई, बीबी अनुरागी, टीका चाम्लिङ, फूलमान बल, बलराम अधिकारी, शुभ मुकारुङ र विमला तुम्खेवा पुरस्कृत भइसकेका छन्।



**कर्णाली पुलमा व्यापारः** कैलालीको चिसापानीस्थित कर्णाली पुल छेउ व्यापार गर्न बसेका १२ वर्षीय किशोर चौधरी। कर्णाली पुल सन् १९९४ मा सञ्चालनमा आएको नेपालको सबेभन्दा लाामो पुल हो। महेन्द्र राजमार्गले सुदूरपश्चिम राजमार्गलाई जोड्ने गरेको सडक हो। यसको लम्बाइ ५ सय मिटर र चौडाइ १० मिटर छ। यो पुल निर्माण गर्न ३८७० टन स्टील प्रयोग गरिएको छ भने निर्माण जापानको कावासाही हेभी इन्डस्ट्रिजले गरेको थियो। तस्वीरः पङ्कज श्रेष्ठ

## कोरोनाविरुद्ध खोपको समस्या छैन

विराटनगर, ३ माघ/रासस

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री विरोध खतिवडाले कोभिड-१९ विरुद्ध खोप अभियान उच्च प्राथमिकताका साथ सञ्चालन भइरहेको जानकारी दिएका छन्।

समाजवादी प्रेस सङ्गठन मोरङद्वारा आयोजित पत्रकार भेटघाटमा उनले खोप अभियान सातवटै प्रदेशमा तालिका बनाएर अझ प्रभावकारी ढङ्गले सञ्चालन गर्ने नीति सरकारको रहेको बताए।

मन्त्री खतिवडाले कोरोनाविरुद्ध खोपको समस्या नरहेको जनाउँदै अहिले चार करोड डोज खोप रहेको बताए।

समग्र जनसङ्ख्याका आधारमा ४० प्रतिशत जनताले खोप लगाइसकेको जानकारी दिँदै उनले खोपका लागि अस्थायी डेस्क पनि राखिने बताए। उनले भने-"बढी भीडभाड हुने शहरमा नियमित खोप सञ्चालन गर्ने सरकारको तयारी छ। हालसम्म दुई करोड ८० लाख डोज खोप लगाइसकिएको छ।"

उनले गत पुस ४ देखि १२ वर्षमाथि र १८ वर्षमुनिका बालबालिकालाई खोप लगाउने कार्य सञ्चालन भइसकेको बताए। उनका अनुसार अहिलेसम्म दुई डोज खोप लगाउने नागरिकको प्रतिशत ६० पुगेको छ।

सरकारले ओमिक्रोन रोकथाम, उपचार एवं नियन्त्रणका लागि तयारी गरिसकेको जनाउँदै उनले होल्डिङ सेन्टर निर्माण र अस्पतालमा आइसियु, भेन्टिलेटरको व्यवस्थासँगै धेरै अस्पतालमा अक्सिजन प्लान्ट स्थापना भइसकेको बताए। कोरोना महामारीका समय नागरिकले गरेको बीमा लाभग्राहीले प्राप्त गर्न सरकार र कम्पनीसँग छलफल भइरहेको जानकारी दिए।

# सभ्यताको शुभारम्भ

**युग परिवर्तनः कसरी र कब**

**प्रशिक्षण**

सभ्यताको शुभारम्भमा तेस्रो चरण छ– फिड अर्थात् प्रशिक्षण– बढी जान्नु, बढी सिक्नको लागि निरन्तर प्रयत्नशील रहनु । योग्यता, क्षमता, विशेषता, वरिष्ठताको बीजाङ्कुर सबैमा हुन्छ तर त्यसलाई सुविकसित गर्नको लागि हरेकले तँछाडमछाड गरेर प्रयत्नशीलताको परिचय दिनुपर्छ । मनुष्य आरम्भदेखि शिक्षार्थी रहन्छ र उसले अन्तिम साससम्म सिक्न प्रयत्न गरिरहनुपर्छ, जुन उपयोगी एवं आवश्यक छ । ज्ञान सम्पदाको सञ्चयले नै वस्तुतः कसैलाई सच्चा अर्थमा सुसम्पन्न बनाउँछ । सुसंस्कृत पनि यसै रीतिनीतिलाई अँगाल्दा बन्न पुग्छ । सिक्न असमर्थ रहँदा व्यक्ति कूप–मण्डूकको स्तरमा सङ्कीर्ण सीमाबद्ध बनेर रहन्छ । ऊ जोखिम उठाउन चाहँदैन । अनाडिसरह अभावग्रस्त रहनुपर्छ र यस्तो व्यक्ति अशक्त, दुर्बल, अयोग्य मानिन्छ । यस अभिशापबाट मुक्ति पाउन र दिलाउनको लागि सद्ज्ञानको उपासना आवश्यक छ ।

मनीषीहरूको पदचिह्नमा हिंड्दै हरेक विचारशीललाई बढी जान्न, बढी सिक्न, बढी अनुभवी बन्न सघाउर्नुपर्छ । धेरैको लागि यो सम्भव छ कि संसारको दृष्टिमा धेरै थोक राम्रो–नराम्रो गर्दा पनि आफ्नो लागि मात्र उपयोगी वस्तु चयन गर्छन् । जसको जानकारी जति कम छ, ऊ त्यत्तिकै सङ्कीर्ण रहन्छ र आफ्नो सीमित भावलाई नै सबथोक मानेर पूर्वाग्रहमा अडिरहन्छ । यथार्थ बुझ्न र परिस्थिति आवश्यकता अनुरूप सही बाटो पहिल्याउनु उसको लागि शक्य हुँदैन । उचित यही हो कि वर्तमान ज्ञानलाई अपर्याप्त मानेर बढी मात्रामा, बढी सही जानकारी एकत्रित गर्दै, आफ्नो ज्ञान भण्डारलाई छुद्रबाट विशाल र विशालतर बनाइरहनुपर्छ । त्यस्तो व्यक्ति समयमा आफ्नो काम लाग्न सक्छ र अरूलाई पनि सही परामर्श दिन उपयोगी सिद्ध हुन्छ ।

**आलस्यको वातावरण सुविस्तृत क्षेत्रमा फैलिएको छ । उपयोगी सोच्ने र गर्ने व्यक्तिलाई पनि यो सहज लाग्छ । यसै कारण उनीहरू पछि परेका हुन्छन् । यतिमात्र होइन आफ्नो सम्पर्क क्षेत्रमा आउने व्यक्तिलाई विचारशील बनाउन पनि सक्दैनन् ।**

आलस्यको वातावरण सुविस्तृत क्षेत्रमा फैलिएको छ । उपयोगी सोच्ने र गर्ने व्यक्तिलाई पनि यो सहज लाग्छ । यसै कारण उनीहरू पछि परेका हुन्छन् । यतिमात्र होइन आफ्नो सम्पर्क क्षेत्रमा आउने व्यक्तिलाई विचारशील बनाउन पनि सक्दैनन् । जो विचारशील हुँदैन ऊ अनौचित्यबाट बच्न र अनौचित्यबाट प्रगतिशीलतातर्फ जान सफल–समर्थ हुन सक्दैन । यस प्रकार अज्ञान एक प्रकारको दुर्भाग्य नै बनेर रहन्छ ।

हाम्रो देशमा अहिले पनि साक्षरताको लाभ सर्वसाधारणले पाउन सकेको छैन । प्रायः तीनचौथाई अशिक्षित हाम्रो समाजमा भरिएका छन् । यसको लागि गरीबी मेटाउने प्रयत्न गर्नु नितान्त आवश्यक छ । त्यत्तिकै महत्त्वपूर्ण यो पनि छ कि शिक्षा बढाउनको लागि प्रबल प्रयत्न गर्नुपर्छ, प्रचण्ड आन्दोलन चलाउनुपर्छ । यसको लागि प्रत्येक शिक्षित व्यक्तिले पाँचजनालाई साक्षर बनाउने सङ्कल्प गरेपछि हाम्रो समुदायमा अभिशापसरह छरिएको निरक्षरताको कलङ्क मेटिन्छ । आवश्यकता केवल सङ्कल्प र इच्छाशक्तिको हो । त्यो भएपछि समय नपाएपछि, साधना नगरेपछि, प्रभाव नपर्नेजस्ता बहानाको सहजै अन्त्य हुन सक्छ र अशिक्षित ठानिने आफ्नो समुदाय सुशिक्षाको सुयोग प्राप्त गर्न सक्छ । यो आरम्भिक आवश्यकता हो, यसभन्दा थोरै अगाडि बढ्दा बहुमुखी ज्ञान वृद्धिको आवश्यकता अगाडि उभिन्छ । अब संसार, समाज, जीवन क्षेत्र यति विस्तृत भइसकेको छ कि त्यसको प्रत्येक पक्षको समुचित जानकारी प्राप्त नगरेसम्म गति छैन । यसको लागि पुरानो स्वाध्याय सत्सङ्ग, मनन–चिन्तन गर्ने माध्यम त आवश्यक छ नै । यस अतिरिक्त पनि पुस्तकालय स्थापना गर्नुपर्छ । अरुचि क्षेत्रमा रुचि बढाउन, घरघरमा पुऱ्याउन, पढेको साहित्य फिर्ता ल्याउने व्यवस्था गर्नुपर्छ । युग चेतनाबाट जन–जनलाई अवगत गराउनको लागि यो नितान्त सामयिक छ र आवश्यक पनि ।

यस सन्दर्भमा ज्ञान गोष्ठीको आयोजना पनि कम महत्त्वपूर्ण छैन । सानाठूला आयोजन–समारोह हुनुपर्छ र उपयोगी ज्ञान–सम्पदाबाट जन–जनलाई लाभान्वित गर्ने व्यवस्था बनाइराख्नुपर्छ, यो आवश्यक छ । प्राचीन कालमा संस्कार, पर्व, कथा, प्रवचन, कीतर्नको माध्यमबाट यो प्रक्रिया चल्थ्यो । परिब्राजक घरघर अलख जगाउने पुण्य परमार्थमा निरत रहन्थे । पद यात्रीको पनि यही उद्देश्य थियो । आजको स्थितिमा हेर्नु यो छ कि कुन वर्गलाई, कुन क्षेत्रमा कुन प्रकारको ज्ञानलाई प्राथमिकता दिने आवश्यकता छ । त्यसको पूर्तिको लागि सभा, सम्मेलन, विचारगोष्ठीको माध्यमबाट यो कार्य गर्न सकिन्छ । प्रश्नोत्तर शैली यस उद्देश्यको पूर्तिमा सहायक हुन्छ ।

व्यावहारिक जीवनको साथ जोडिने समस्याको समाधान, सम्पर्क एवं प्रभाव क्षेत्रलाई बढी सुनियोजित बनाउने कौशल, यी दुई ज्ञान–विज्ञानको, अनुभव–अभ्यासको आरम्भिक एवं महत्त्वपूर्ण चरण हो । यस सम्बन्धमा सही अनुभव र सही अभ्यास, सर्वतोमुखी प्रगति र सुख–शान्तिले पथ–प्रशस्त पार्छ । यसैले स्काउटिङ अभ्यासको साथ चिन्तन पक्ष, फन–फाइट र फिड तीन पक्ष जोडिएको छ । अध्यात्म धर्म र तत्त्व दर्शन पनि आफ्नो शैलीमा यही सुसंस्कारिताबाट सम्पर्क बढाउने मार्ग दर्शन गर्छ । सभ्यताको प्रत्यक्ष चिह्न पनि यही हो ।

# वडाहरूमा दाउरा वितरण

प्रस, पोखरिया, ३ माघ/

पोखरिया नगरपालिकाले वडाहरूमा दाउरा वितरण गरेको छ । शीतलहरसँगै चलेको चीसो हावाबाट जोगिन दशवटै वडामा ४० हजार मूल्यको दाउरा वितरण गरिएको नगरपालिका सरसफाइ तथा विपद् शाखा प्रमुख राजेश्वरप्रसाद कुर्मीले बताए ।

बसपार्क, अस्पताल, रेडक्रस, रामजानकी मन्दिर, मस्जिद, मदर्सा, मर्कच तथा वडाका विभिन्न चोकमा दाउरा वितरण गरिएको थियो । यसैगरी विभिन्न व्यक्तिको घरमा हुँदै आएको पूजाआजा, अष्टयाम, हनुमान आराधना, काफला बिटोर, लखराव आदिमा पनि नगरपालिकाले वडाको सिफारिशमा दाउरा वितरण गर्दै आएको प्रमुख कुर्मीले बताए ।

वडाध्यक्ष बङ्काराउत कुर्मी, सुरेन्द्र यादव, अजय कलवार, लक्ष्मण कानू, नन्दलाल पटेल, योजना शाखा प्रमुख सञ्जय पाण्डे, विनोद पाण्डे, राजेश्वर ठाकुर, ज्ञानेन्द्र यादव, नरेन्द्रसाह कानू, ज्ञानुसाह कानूलगायतको रोहबरमा वडाहरूमा दाउरा वितरण गरिएको कुर्मीले बताए ।



तस्वीरः प्रतीक

# टयाक्टरचालकको अकस्मात् मृत्यु

प्रस, सर्लाही, ३ माघ/

सर्लाहीको गोडैता नगरपालिका–४ रोहवामा गुडिरहेको टयाक्टरबाट लडेर चालकको मृत्यु भएको छ । प्रहरीका अनुसार आइतवार राति करीब ११ बजे ना ७ त ५६८ नम्बरको टयाक्टर चलाइरहेका जिल्लाको वृन्दावन नपा–७ धमौरा निवासी १८ वर्षीय आशिर मन्सुरको मृत्यु भएको हो ।

टयाक्टर चलाइरहेको बेला उनी सीटबाट अचानक भुइँमा खसेका थिए । टयाक्टरबाट खसेर गम्भीर घाइते भएका मन्सुरको उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । टयाकटरबाट खस्नुको कारण भने यकीन हुन सकेको छैन ।

# स्रोत नखुलेको रकमसहित एकजना पक्राउ

प्रस, महोत्तरी, ३ माघ ।

स्रोत नखुलेको रकमसहित युवक पक्राउ परेका छन् । मटिहानी नगरपालिका–८ बाट स्रोत नखुलेको नगद ३० लाखसहित सोही नगरपालिका–३ बर्दा बस्ने २३ वर्षीय सहाउद्दिन राइनलाई आइतवार दिउँसो प्रहरीले पक्राउ गरेको हो । भारतबाट नेपालतर्फ आउँदै गरेको ज.६ प ६९४४ नम्बरको मोटरसाइकल प्रहरी चौकी मटिहानीबाट खटेको प्रहरीले चेक जाँच गर्ने क्रममा स्रोत नखुलेको रकम बरामद भएको हो । बरामद रकममा एक हजार दरको ३० बण्डल रहेका छन् । सो रकमसहित राइनलाई पक्राउ गरिएको हो । यस सम्बन्धमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।



**पर्यटक लोभ्याउने गाजादह** : बागलुङको जैमिनी नगरपालिका-३ स्थित पर्यटकीय गाउँमा रहेको गाजा दह । पर्यटक लोभ्याउन यहाँ सामुदायिक घरवास पनि सञ्चालनमा ल्याइएको छ । तस्बिर : रासस

### कोरोना खोप लक्ष्यउन्मुख....

लगाएका छन् ।

यस्तै मकवानपुरको हेटौंडा उपमहानगरपालिका, गोर्खाको गोरखा नगरपालिका र धार्चे गाउँपालिका तथा गण्डकी गाउँपालिका, मनाङको नामे र नासोङ गाउँपालिका, मुस्ताङका पाँचैवटा स्थानीय तहले पनि शत प्रतिशत पूर्ण मात्राको खोप लगाइसकेका छन् ।

कास्की जिल्लाको पोखरा उपमहानगरपालिका, मादी र रूपा गाउँपालिका, तनहुँको व्यास नगरपालिका, स्याङ्जाको पुतलीबजार र भिरकोट नगरपालिका, बागलुङको ताराखोला गाउँपालिका, रूपन्देहीको तिलोत्तमा नगरपालिकाले पनि लक्षित जनसङ्ख्यालाई पूर्ण मात्रा खोप दिइसकेका छन् ।

यस्तै पहिलो मात्रा लक्षित समूहलाई शत–प्रतिशत खोप लगाइसकेको बाजुरा जिल्लाको बूढीगङ्गा नगरपालिकाले मात्र पूर्ण मात्राको खोप पनि शत–प्रतिशत लक्षित समूहलाई लगाइसकेको छ । बैतडीको पाटन नगरपालिकाले ९९.३ प्रतिशत लक्षित जनसङ्ख्यालाई पूर्ण मात्रा खोप दिइसकेको छ ।

## फरक समाचार

# जनावरलाई रोक्न सबैभन्दा ठूलो तारबार

संसारमा दुई देशबीच सीमामा तारबार लगाएको देखेका छौं । युरोपेली देशहरूमा यस प्रकारको तारबार लगाइएको हुँदैन । पश्चिमी युरोपमा निकै कम तारबार लगाइएको हुन्छ । तर पूर्वी युरोपमा पोल्यान्ड, युक्रेनजस्ता मुलुकको सीमामा तारबार लगाइएको देखिन्छ । एशियाको लगभग हरेक देशको सीमामा तारबार देख्न सकिन्छ । भारत–पाकिस्तान, भारत–चीनको सीमामा काँडेदार



तारबार लगाइएको छ ।

दुई देशबीच अवैधरूपमा मान्छे प्रवेश नहुन्, नशालु पदार्थ, हतियार, अवैध सामग्रीको तस्करी रोक्न तारबार लगाइएको हुन्छ । सीमामा तारबारका साथै सैनिक पनि तैनाथ गरिएका हुन्छन् ।

संसारमा सबैभन्दा लामो सीमा जहाँ अवैध घुसपैठ रोक्न नभई, जनावरलाई प्रवेशबाट रोक्न सबैभन्दा ठूलो तारबार लगाइएको छ । अस्ट्रेलियाको दक्षिण–पूर्व भागमा बस्ने बासिन्दा सन् १८६० देखि १८७० बीच खरायोको बढ्दो जनसङ्ख्याका कारण निकै समस्यामा थिए । यसको अलावा अन्य जनावरले पनि त्यहाँका बासिन्दालाई निकै दुःख दिन्थे । जनावरले किसानको अन्नपात खान्थे । यसबाट दिक्क भई उनीहरूले खरायोरोधी सीमा बनाए । यो काम सन् १८८० मा शुरू भएको थियो र पाँच वर्षमा सीमा बनेर तयार भयो । तर सीमाले पनि खरायोलाई रोक्न सकेन । त्यस सीमाले मार्सुपियल्स (कङ्गारूजस्तो जनावर)लाई मात्र बाहिर राख्न सफल थियो ।

त्यस भेगमा स्थानीयले भेंडा पाल्ने गर्दथे । तर ती भेंडालाई डिंगो नामक एउटा जनावरले खाने गर्दथ्यो । डिंगो अस्ट्रेलियामा पाइने एक प्रकारको जङ्गली कुकुर हो । भेडापालन फार्ममा डिंगोलाई रोक्न सीमाको आवश्यकता महसूस भयो । त्यसपछि सरकारले वर्तमानमा मौजुद तारबारलाई विस्तार गऱ्यो र यसको उचाइ पनि बढायो । २०औं शताब्दीमा सरकारले यो सीमाको मरम्मत गर्न शुरू गऱ्यो र यसको विस्तार गर्न थाल्यो ।

सन् १९३० मा क्विन्सल्यान्डमा मात्रै ३२ हजार किलोमिटर लामो जालको प्रयोग गरियो, जसको काम डिंगोलाई रोक्नु थियो । सरकारले सन् १९४८ सम्म डिंगो रोक्न दुनियाँकै सबैभन्दा लामो तारबार भएको सीमा तयार गऱ्यो । यो तारबार २ मिटर (६ फिट) अग्लो छ र भुइँ खनेर तारबार पार गर्नबाट रोक्नको लागि जमीनको ३० सेन्टिमिटर भित्रसम्म राखिएको थियो । १९८० सम्म यो तारबार ८६१४ किलोमिटर लामो थियो तर त्यसपछि यसलाई ५६१४ किलोमिटरमा खुम्च्याइयो । यो सीमा क्विन्सल्यान्डको डल्बीनजीकै डार्लिङ डाउन्समा जिम्बोरबाट नुन्ड्रू नजीकै ग्रेट अस्ट्रेलियन बाइट (अस्ट्रेलियाको पश्चिमस्थित एउटा स्थान)सम्म फैलिएको छ ।

यस बारको उत्तरी–पश्चिमी भागमा कङ्गारूको सङ्ख्या कम छ, किनभने यहाँ डिंगो रहन्छन् । डिंगोको उपस्थितिको परिणाम कङ्गारूको आबादीमा कमी आयो । तारबारभित्र कङ्गारूको एउटा ठूलो आबादी मौजुद छ जुन डिंगोले शिकार गर्न नसकेको कारणले बढेको हो । डिंगोको अनुपस्थितिले इमु, कङ्गारू, खरायो र भेंडाबीच चरन क्षेत्रमा प्रतिस्पर्धा बढेको छ । यहाँ जनावरको शिकार गर्ने कोही छैन, यस्तोमा यहाँ घाँस कम देखिन्छ । त्यस्तै जहाँ डिंगोको उपस्थिति छ त्यहाँ घाँस बढी छ । यस कारण इको सिस्टममा परिवर्तन पनि देख्न पाइएको छ ।

# अभिनेता ममूटी जसलाई साउथको अम्बानी पनि भनिन्छ

साउथ चलचित्र अहिले धेरैको रोजाइमा पर्ने गरेको छ । कोरोनाको कारण साउथ चलचित्रका कलाकारहरू पनि धमाधम सङ्क्रमित हुन थालेका छन् ।



मलयालम चलचित्रका स्टार ममूटी पनि गत शनिवार कोरोनाबाट सङ्क्रमित भए ।

२५ वर्षदेखि चलचित्र जगत्मा रहेका उनले शीर्ष अभिनेताको रूपमा ३८० भन्दा बढी चलचित्रमा अभिनय गरेका छन् । ममूटीलाई साउथको अम्बानी पनि भनिन्छ । ममूटी शानदार अभिनेताका साथै वकिल पनि हुन् ।

ममूटीलाई मलयालम चलचित्रमा डबल रोलको लागि चिनिन्छ । उनले करीब नौ चलचित्रमा डबल रोल गरेका छन् । साउथ इन्डस्ट्रीका दुई ठूला स्टार्स मानिने ममूटी र कमल हासनले कहिल्यै एकैसाथ चलचित्रमा काम गरेनन् । ममूटी एकमात्र मलयालम अभिनेता हुन्, जो तीनपटक राष्ट्रिय पुरस्कारबाट सम्मानित भएका छन् । ममूटी कुनै बेला वकालतमा आफ्नो करियर बनाउन चाहन्थे, यसैले उनले एर्नाकुलम ल कलेजबाट एलएलबीको अध्ययन पूरा गरे ।

ममूटी अभिनयको साथसाथै लग्जरी लाइफस्टाइलको लागि पनि चिनिन्छन् । उनीसँग करोडौंको सम्पत्ति छ । ममूटी भारु २१० करोड सम्पत्तिका मालिक हुन् । उनले आफ्नो कारहरूको लागि बेग्लै ग्यारेज बनाएका छन् । उनी कार आफैं चलाउन चाहन्छन् । उनलाई ओडी कार निकै मन पर्छ । उनीसँग थुप्रै ब्रान्ड्सका एम्बेसडेर पनि छन् । सन् १९७९ मा उनले सुलफतसँग बिहे गरे । उनका दुईजना सन्तान छन् ।

ममूटीले सन् २००० मा एउटा धारावाहिक ज्वालयय निर्माण गरे, जुन लगभग दुई वर्षसम्म टेलिभिजनमा प्रसारित भयो । प्रोडक्शन हाउसको नाम मेगाबाइट्स थियो । ममूटी कारका शोखिन हुन् उनीसँग ३६९ वटा कारको कलेक्शन छन् । उनको धेरैजसो कारको नम्बर ३६९ छ ।


– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# भारतमा थप दुई लाख ५८ हजार नयाँ सङ्क्रमित

नयाँ दिल्ली ३ माघ/एएनआई

भारतमा कोरोना भाइरसबाट पछिल्लो एक दिनमा थप दुई लाख ५८ हजार ८९ जना सङ्क्रमित भएका छन्। अघिल्लो दिनको तुलनामा दैनिक सङ्क्रमितहरूको सङ्ख्या घटेको देखिएको केन्द्रीय स्वास्थ्य मन्त्रालयले सोमवार जनाएको छ। आइतवार सार्वजनिक गरिएको विवरण अनुसार पछिल्लो २४ घण्टामा दुई लाख ७१ हजार २०२ जना नयाँ सङ्क्रमित थपिएका थिए।



तस्वीरः रायटर्स

भारतमा अहिलेसम्म कुल तीन करोड ७३ लाख ८० हजार २५३ जना कोरोना भाइरसबाट सङ्क्रमित भएका छन्। ती मध्ये १६ लाख ५६ हजार ३४१ जना अहिले पनि सङ्क्रमित अवस्थामैं रहेका छन्। सङ्क्रमित अवस्थामैं रहेकाहरूको सङ्ख्या दिन प्रतिदिन बढ्दै गइरहेको पनि मन्त्रालयका अधिकारीहरूले जनाएका छन्। अहिलेसम्म सङ्क्रमित मध्ये आठ हजार २०९ जना मात्रै ओमिक्रोनबाट सङ्क्रमित रहेको पाइएको छ।

पछिल्लो २४ घण्टामा भारतमा कोरोना भाइरसबाट सङ्क्रमणमुक्त भएकाहरूको सङ्ख्या एक लाख ५१ हजार ७४० रहेको छ। एउटै अवधिमा नयाँ सङ्क्रमितहरूको सङ्ख्याभन्दा सङ्क्रमणमुक्त भएकाहरूको सङ्ख्या झन्डै एक लाख कम भएकोले दैनिक सक्रिय सङ्क्रमितहरूको सङ्ख्या बढ्दै गएको हो।

भारतमा अहिलेसम्म कोरोना भाइरसबाट सङ्क्रमणमुक्त भएकाहरूको सङ्ख्या तीन करोड ५२ लाख ३७ हजार ४६१ रहेको मन्त्रालयले जनाएको छ। पछिल्लो एक दिनमा ३८५ जनाको कोरोनाका कारण मृत्यु भएको छ भने अहिलेसम्म कोरोनाका कारण मृत्यु हुनेहरूको सङ्ख्या चार लाख ८६ हजार ४५१ रहेको छ।

### पाकिस्तानको कराँचीमा कोभिड १९ पोजिटिभ दर ४० प्रतिशत पुगेको छ

इस्लामाबाद, पाकिस्तान/एएनआई

पाकिस्तानको कराँचीमा आइतवार ४० प्रतिशतलाई कोभिड–१९ पोजिटिभ देखिएको छ।

यस डरलाग्दो दरले देशको चिकित्सा समुदायमा तरङ्ग ल्याएको एक मिडियाको समाचारमा जनाइएको छ।

यो पछिल्लो वृद्धि कोभिड–१९ को पाँचौं लहरको कारणले भएको जनाइएको छ। कोभिड–१९ सङ्क्रमण यस वर्ष मार्चको मध्यमा शिखरमा पुग्ने डन अखबारले जानकारी दिएको छ। सोमवार पाकिस्तानमा चार हजार ३४० थप व्यक्तिलाई कोरोना सङ्क्रमण भएको जनाइएको छ।

पाकिस्तानमा गत २४ घण्टामा परीक्षण गरिएका व्यक्तिहरूमा ८.७ प्रतिशतलाई कोरोना पोजेटिभ देखिएको बताइएको छ। यद्यपि पछिल्लो २४ घण्टामा कराँचीमा ३९.३९ प्रतिशत सङ्क्रमण दर पुगेको स्वास्थ्य विभागले जनाएको छ। डनका अनुसार ती सङ्क्रमितहरूमा करीब ९५ प्रतिशत ओमिक्रोन भेरिएन्टका देखिएको जनाइएको छ।

अधिकारीहरूले डाक्टर, नर्स र पारामेडिकहरूमा बढ्दो सङ्क्रमण सङ्ख्या रहेको र यसमा चिन्ता व्यक्त गरेका छन्। यो ५०० भन्दा कम नहुने एक वरिष्ठ अधिकारीलाई उद्धृत गर्दै डनले जनाएको छ। पाकिस्तानमा हालसम्म १३ लाखभन्दा बढी कोभिड–१९ को सङ्क्रमण पुष्टि भएको छ। दक्षिण एशियाली देशमा पनि भाइरसका कारण २९ हजार १९ जनाको मृत्यु भएको छ।

सिन्धको प्रान्तीय सरकारले आइतवार मास्क लगाउन अस्वीकार गर्ने सरकारी कर्मचारीहरूको तलब कटौतीको घोषणा गरेको थियो–न्यूजले जनाएको छ। प्रदेशमा बढ्दो कोभिड–१९ को सङ्क्रमणलाई मध्यनजर गर्दै उक्त निर्देशन जारी गरिएको हो।

### अमेरिकी राष्ट्रपति र जापानी प्रधानमन्त्रीबीच कोरोना र सुरक्षाबारे छलफल

वाशिंगटन/एएफपी

अमेरिकी राष्ट्रपति जो बाइडेन र जापानका प्रधानमन्त्री फुमिओ किशिदाबीच छलफल भएको छ। भर्चुअल माध्यमबाट भएको छलफल कोरोना भाइरसको महामारी र सुरक्षाका विषयमा केन्द्रित भएको अधिकारीहरूले जनाएका छन्।

अमेरिकी राष्ट्रपतिको कार्यालय ह्वाइट हाउसले पनि दुई पक्षीय हित, साझा सरोकार र अन्तर्राष्ट्रिय तथा क्षेत्रीय विषयमा उनीहरूले छलफल गरेको जनाएको छ। त्यसैगरी जलवायु परिवर्तन र नयाँ–नयाँ प्रविधिबारे समेत उनीहरूबीच छलफल भएको ह्वाइट हाउसद्वारा जारी वक्तव्यमा जनाइएको छ।

"बैठकमा विशेष गरेर अमेरिका र जापानको सम्बन्ध, सहकार्य, शान्ति र सुरक्षा, इन्डो–प्यासेफिक क्षेत्रको स्थिरताबारे छलफल भएको छ"– वक्तव्यमा लेखिएको छ। बाइडेन र किशिदाबीच भौतिक भेट भने कोप–२६ शिखर सम्मेलनको सिलसिलामा स्कटल्यान्डमा भएको थियो।

### कोभिड १९ बाट सङ्क्रमित जनवरी १७ सम्मको तथ्याङ्क

बेइजिङ/सिन्ह्वा

कोरोना भाइरसबाट अति प्रभावित विश्वका दशवटा देशका जनवरी १७ सम्मको कुल सङ्क्रमितको तथ्याङ्क यस प्रकार रहेको छ।

विश्व ३२ करोड ७७ लाख ९३ हजार ४७२, अमेरिका छ करोड ५६ लाख ९९ हजार ९४७, भारत तीन करोड ७१ लाख २२ हजार १६४, ब्रजील दुई करोड ३० लाख १५ हजार १२८, बेलायत एक करोड ५३ लाख १६ हजार ५४२, फ्रान्स एक करोड ४२ लाख ८३ हजार ५१४, रूस एक करोड ६ लाख २१ हजार ४१०, टर्की एक करोड ४ लाख ५९ हजार ९४, इटाली ८७ लाख ६ हजार ९१५, स्पेन ८० लाख ९३ हजार ३६ जना रहेका छन्। रासस

# सन् २०२१ मा चीनको जन्मदर न्यून

बेइजिङ ३ माघ/एएफपी

चीनको जन्मदर गत वर्ष न्यूनमा झरेको सोमवारको आधिकारिक तथ्याङ्कले देखाएको छ। विश्लेषकहरूले अपेक्षा गरेभन्दा बढी बुढ्यौलीको कारण आर्थिक वृद्धिको चिन्ता गहिरो बनाउन सक्ने चेतावनी दिएका छन्।

बेइजिङले जनसङ्ख्याको बढ्दो सङ्कटको सामना गरिरहेको छ किनभने यसले द्रुत गतिमा वृद्ध कार्यबल, सुस्त अर्थतन्त्र र दशकहरूमा देशको सबैभन्दा कमजोर जनसङ्ख्या वृद्धिको सामना गरिरहेको छ। राष्ट्रिय तथ्याङ्क विभागको तथ्याङ्क अनुसार सन् २०२० मा १००० व्यक्तिमा ८.५२ दर रहेकोमा सन् २०२१ मा ७.५२ मा झरेको सो विभागले जनाएको छ।

विभागका अनुसार सन् १९४९ मा कम्युनिस्ट चीनको स्थापना हुँदाको रेकर्ड शुरू भए यता यो तथ्याङ्क सबैभन्दा कम हो। सन् २०२१ मा, देशले एक करोड ६ लाख २० हजार जन्मदर्ता गरेको छ। आधिकारिक तथ्याङ्क अनुसार, योसँगै देशको जनसङ्ख्या १ अर्ब ४१ करोड पुगेको छ।

जनसाङ्ख्यिकीय चुनौती राम्ररी थाहा छ तर जनसङ्ख्या बुढ्यौलीको गति अपेक्षाभन्दा तीव्र छ–"पिनपोइन्ट एसेट म्यानेजमेन्टका प्रमुख अर्थशास्त्री झिवेई झाङले बताएका छन्। "यसले चीनको सम्भावित वृद्धि अपेक्षा गरेभन्दा छिटो नहुने सङ्केत पनि गरेको छ"–उनले भनेका छन्।

एक दशकमा एकपटक गरिने गत वर्षको जनगणनाको नतीजा अनुसार चीनको जनसङ्ख्या सन् २०६० पछि सबैभन्दा कम दरमा बढेको छ। रासस

# चीनले सिरियालाई ४ हजार टन चामल पठायो

दमस्कस, ३ माघ/सिन्ह्वा

चीनले सिरियालाई करीब ४ हजार टन चामल सहयोग गरेको छ। मानवीय सहायतास्वरूप पठाएको सो चामल आइतवार सिरियाले प्राप्त गरेको हो। सिरियामा पछिल्लो समय द्वन्द्व तथा खडेरीका कारण खाद्य सङ्कट परेको बताइएको छ। त्यसैले चीनले यस अघि पनि सिरियालाई खाद्यान्न सहयोग गर्दै आएको छ। पछिल्लो समय ४ हजार टन चामल पठाएको र सिरियाको राजधानी दमस्कसमा सो चामल प्रदान गरिएको थियो।

आइतवार दमस्कसमा आयोजना गरिएको एक कार्यक्रममा सिरियाका लागि चिनियाँ राजदूत फेङ बियाओले सिरियाको रेडक्रसका प्रमुख खालिद एचबोउटीलाई सो सामान हस्तान्तरण गरेका थिए। त्यस अवसरमा सिरियाली रेडक्रसका प्रमुख खालिदले चीन सरकारलाई धन्यवाद दिए। उनले सङ्कटका समय चीनले गरेको यो सहयोग अमूल्य रहेको बताए। त्यसैगरी चिनियाँ राजदूत फेङले आगामी दिनमा पनि चीनले यस्तो मानवीय सहायता कार्यलाई निरन्तरता दिने बताए। रासस

# पहिलोपटक ल्यान्ड पुलिङमार्फत नयाँ शहर बसाउँदै मौलापुर

प्रस, गरुडा, ३ माघ/

रौतहटको मौलापुर नगरपालिकाले असी बिगाहा जमीन ल्यान्ड पुलिङ गरी व्यवस्थित शहर बसाउने संरचना तयार पारेको छ। नेपालमैं पहिलोपटक असी बिगाहा जमीनलाई ल्यान्ड पुलिङ गरी मौलापुर नगरपालिकाले व्यवस्थित शहरीकरणका लागि पूर्वाधार तयार पारिरहेको देखिएको छ।



तस्वीरः प्रतीक

असी बिगाहा जमीनलाई एउटै कित्ता बनाई त्यसलाई सय प्रतिशत मानेर सडक निकाल्ने र सरकारी कार्यालयको लागि पनि जमीन छुट्याउने र नाला निर्माण गर्ने र बाँकी रहेको सम्पूर्ण जमीनलाई सय प्रतिशत मानेर जुन किसानको जति प्रतिशत जमीन थियो, त्यति नै प्रतिशत अति व्यवस्थित घडेरी किसानलाई उपलब्ध गराउने प्रक्रिया नगरपालिकाले अँगालेको हो।

पहिलेदेखि खेत रहेको किसानले आफ्नो जमीनको करीब तीस प्रतिशत सरकारी प्रयोजन, नाला र सडकमा कटाउनुपरेको देखिन्छ। ल्यान्ड पुलिङमार्फत विकास गरिएको व्यवस्थित शहरीकरणको पूर्वाधारमा घटीमा सात मिटरदेखि बढीमा बाह्र मिटर चौडा सडक निकालिएका छन्। सबै सडक सीधा छन्।

जथाभावी शहरीकरण हुँदा धेरै अव्यवस्थित हुने गरेको र कालान्तरमा धेरै समस्या आउने हुनाले सबै पक्षमा विचार गरेर मौलापुर नगरपालिकाले ल्यान्ड पुलिङमार्फत देशमा पहिलोपटक व्यवस्थित शहरीकरणको पूर्वाधार तयार पारेको नगर प्रमुख रिनाकुमारी साहको भनाइ छ। पहिलो चरणको काम पूरा भइसकेकोले सम्बन्धित किसानलाई नगरपालिकाले जग्गाधनी पूर्जा बाँड्न शुरू गरेको छ। असी बिगाहा जमीन ल्यान्ड पुलिङ गरेर नगरपालिकाले करीब दश बिघा सरकारी प्रयोजनका लागि निकाल्न सफल भएको नगर प्रमुख रिनाकुमारी साहको भनाइ छ।

अब तत्काल विद्युत् संरचना, नाला, खानेपानी तथा भौतिक संरचना निर्माण गर्नेतिर नगरपालिकाले ध्यान दिने बताउँदै नगर प्रमुख साहले मौलापुर नगरपालिका गठन भएदेखि अहिलेसम्म शहरीकरणको लागि करीब १६० बिघा जमीन व्यवस्थित गरिसकेको जानकारी गराएकी छन्।

कुनै पनि सरकारी कार्यालयको लागि मौलापुरमा जमीन चाहिए अब केही दिन जमीनको अभाव नहुने बताउँदै नगर प्रमुख साहले वडा कार्यालय, विद्यालय, बजार, विभिन्न कार्यालयसमेतका लागि अहिलेसम्म गत साढे चार वर्षमा मौलापुर नगरपालिकाले करीब पचीस बिघा जमीनको व्यवस्था गरिसकेको बताएकी छन्।

पहिले बसेका शहरहरू आफैं विस्तार हुँदै गएको र पूरै भद्रगोल तथा अव्यवस्थित रहेकोले शहरी क्षेत्रमा अनेक समस्या आउने गरेको बताउँदै शहरी क्षेत्रमा हुने गरेको समस्याबाट पाठ सिकेर मौलापुर नगरपालिकाले देशमा पहिलोचोटि सुविधासम्पन्न आधुनिक व्यवस्थित शहरको कल्पना गरेको नगर प्रमुख साहको भनाइ छ। पहिले पनि व्यवस्थित बसाइँको अभ्यास गरिएको मौलापुरमा अझ राम्रो प्रबन्धको शहर बसाउन थालिएको हो।

मौलापुरमा इलाका प्रहरी कार्यालय, मालपोत कार्यालय, नापी शाखा, राष्ट्रिय वाणिज्य बैंक, नेपाल विद्युत् प्राधिकरण, स्वास्थ्य केन्द्रजस्ता सरकारी कार्यालयहरू स्थापना भइसकेका छन्। यसैगरी मौलापुर प्राविधिक विद्यालय पनि सञ्चालनमा छ भने नर्सिङ क्याम्पस पनि सञ्चालन गर्ने तयारी भइरहेको छ। नगरपालिकाले आफ्नो एफएम पनि सञ्चालनमा ल्याएको छ।

गत साढे चार वर्षमा मौलापुर नगरपालिकाले विकास तथा शहरीकरणमा निकै फडको मारेको छ।

# उच्च अदालतका २३ जना सङ्क्रमित

प्रस, जनकपुरधाम, ३ माघ/

जनकपुर उच्च अदालतमा कार्यरत २३ जनालाई कोरोना सङ्क्रमण पुष्टि भएको छ। अदालतका न्यायाधीशसहित २३ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको कुरा सो अदालतले सार्वजनिक गरेको हो।

सङ्क्रमित हुनेमा न्यायाधीश सीताराम मण्डलसहित रजिस्ट्रार, उपरजिस्ट्रार, शाखा अधिकृतलगायतमा कोरोना सङ्क्रमण पुष्टि भएको उच्च अदालतद्वारा सोमवार प्रकाशित प्रेस विज्ञप्तिमा उल्लेख छ।

काम विशेषले उनीहरूको सम्पर्कमा रहेका व्यक्तिहरूको कन्टयाक्ट ट्रेसिङ गर्न र क्वरेन्टिनमा बस्न सजिलो होस् भन्ने उद्देश्यले सङ्क्रमितहरूको नाम सार्वजनिक गरिएको अदालत स्रोतले जनाएको छ।




# प्रजिअमार्फत प्रधानमन्त्रीलाई ज्ञापन

प्रस, वीरगंज, ३ माघ/

दलित उत्पीडित जातीय मुक्ति समाज पर्साले प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्रीलाई २० सूत्रीय मागसहित ज्ञापनपत्र बुझाएको छ।

समाजका पर्सा अध्यक्ष सन्तोषकुमार पासवान, पर्सा इन्चार्ज महाराज पासवान, केन्द्रीय सदस्य रामचन्द्र राम, जिल्ला सदस्य केशव विश्वकर्मा, सगील हजरालगायतको टोलीले प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालमार्फत प्रधानमन्त्री शेरबहादुर देउवालाई ज्ञापनपत्र बुझाएको छ। ज्ञापनपत्रमा संविधान र कानून कार्यान्वयनसहित दलित अधिकारको सम्बोधन, जातीय भेदभाव तथा छुवाछूत अन्त्यका लागि राष्ट्रिय आन्दोलन देशव्यापीरूपमा भइरहेको बताइएको छ।

अहिलेसम्म सङ्घीय लोकतान्त्रिक गणतन्त्र, धर्म निरपेक्षता, समानुपातिक समावेशी सिद्धान्तलाई पूर्णरूपमा कार्यान्वयन गर्न–गराउन नसकिएको र देशमा विभेद अहिले पनि जारी रहेको भन्दै सो हटाउनको लागि २० सूत्रीय माग प्रस्तुत गरिएको र माग सम्बोधन नभए सङ्घर्ष गर्न बाध्य हुने विज्ञप्तिमार्फत चेतावनी दिइएको छ। देशमा पचासौं लाख उत्पीडित दलित समुदाय रहेको र लामो समयदेखि अनवरत सङ्घर्ष, सशक्त आन्दोलन र त्याग, बलिदानको माध्यमबाट केही उपलब्धि हासिल भए पनि सम्पूर्णरूपमा छुवाछूत, जातीय विभेदका घटनाको अन्त्य नभएको विज्ञप्तिमा उल्लेख छ।

जिल्ला–जिल्लामा जातीय विभेद, छुवाछूतको घटना बढिरहेको, यसैको आधारमा हत्याजस्ता अपराधहरू हुँदै आएको र अपराधीलाई पक्राउ गरी कानूनी दायरामा ल्याउन सरकारी संयन्त्र असफल रहेको, अन्तर्जातीय विवाहको कारण दलित समुदायका व्यक्तिहरू बेपत्ता हुने, यातना सहनुपर्ने, अपमानित हुनुपर्ने तथा हत्याजस्ता घटना हुनु समाजमा विद्यमान रहेको विज्ञप्तिमा उल्लेख छ। जातीय भेदभाव, छुवाछूत कसूर र सजाय ऐन २०६८ को प्रभावकारी कार्यान्वयन गर्नुपर्ने, प्रधानमन्त्रीको संयोजकत्वमा रहेको जातीय भेदभाव अन्त्य एवं दलित अधिकार प्रवर्द्धन संयन्त्र क्रियाशील गराउनुपर्ने, प्रहरी कार्यालयमा छुट्टै दलित सेल व्यवस्था गरी स्थानीय तहमा छुवाछूत, निगरानीलाई प्रभावकारी बनाउनुपर्ने, यस अघिको सरकारले ल्याएको सुखी नेपाली–समृद्ध नेपाल अवधारणा र विकासका योजनाहरूलाई निरन्तरता दिनुपर्नेलगायत २० सूत्रीय माग प्रस्तुत गरिएको छ।

प्लास्टिकको झोला बहिष्कार गरौं
कपडाको झोला प्रयोग गरौं।

वीरगंज महानगरपालिका

**रानीघाट–पोखरिया बस समिति**

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे

# आम सञ्चार नीतिबारे पत्रकारसँग छलफल

## महानगर प्रेस स्वतन्त्रताको पक्षधर -नगरप्रमुख

प्रस, वीरगंज, ३ माघ/

वीरगंज महानगरका प्रमुख विजयकुमार सरावगीले सञ्चारमाध्यमको विकासको लागि महानगर प्रतिबद्ध भएको बताएका छन्।

आमसञ्चार माध्यमको प्रवर्द्धन र पनि महानगरपालिकाले विभिन्न ऐन, कानून ल्याएको र सो विषयमा सरोकारवालाहरूसँग छलफल गरेको तर छलफलमा न्यून सहभागिता हुने र अप्ठेरो परेपछि ऐन, कानूनको विरोध हुने गरेको बताए।

पालना गरी महानगरले उपलब्ध गराएको सूचना सम्प्रेषण गर्न आग्रह गरे। सल्लाहकार देवकोटाले महानगरपालिकाबाट हुने त्रुटि, कमजोरीबारे पनि पत्रकारहरूलाई कलम चलाउन आग्रह गरे। उनले नगरप्रमुख



तस्वीरः प्रतीक

नियमनका लागि सरोकारवालाको भूमिका विषयक कार्यशाला गोष्ठीमा बोल्दै उनले प्रेस स्वतन्त्रताबाट देश विकास हुने भएकोले महानगर प्रेस स्वतन्त्रताको पक्षमा सदैव रहँदै आएको दाबी गरे। उनले महानगरले सञ्चार ऐन, कानून बनाउन लागेको र सोबारे सञ्चारकर्मीहरूसँग छलफल गरेको बताए। नगरप्रमुख सरावगीले यस अघि

नगरपालिकाका सल्लाहकार गोविन्द देवकोटाले महानगरपालिकाले कानून बनाएर पत्रकारिताको संस्थागत विकास गर्न खोजेको बताए। उनले यस अघि महानगरले लोककल्याणकारी विज्ञापन परीक्षणको रूपमा उपलब्ध गराउँदै आएको र अब सोसम्बन्धी कानून बनाएर वैधानिकता प्रदान गर्ने प्रयासमा रहेको बताए। उनले पत्रकार आचारसंहिताको

सकारात्मक टीका–टिप्पणीको पक्षधर भएको बताए।

कार्यक्रममा नेपाल पत्रकार महासङ्घका केन्द्रीय सदस्य केसी लामिछानेले सञ्चार ऐन, कानून सम्बन्धमा महासङ्घको अवधारणा प्रस्तुत गरेका थिए।

प्रदेश महासचिव श्याम बन्जाराले महानगरले पत्रकारहरूको पक्षमा काम गर्दै आएको दाबी गरे।

प्रतीक दैनिकका प्रधान सम्पादक जगदीशप्रसाद शर्माले महानगरले सञ्चार क्षेत्रमा गर्दैआएको कार्यको प्रशंसा गरे। उनले सेवा सुविधाहरूका लागि पत्रपत्रिका बढ्ने क्रम वीरगंजमा देखिएको र अबका दिनमा त्यस्ताखाले विकृतिले प्रश्रय नपाओस् भनेर सुझाए।

नेपाल पत्रकार महासङ्घका पूर्व सदस्य महेश दासले महानगरको अहिलेसम्मको कार्यशैली सञ्चारमैत्री देखिएको र बन्ने कानून कार्यान्वयनको पक्षमा चलखेल गरिए पत्रकारले खबरदारी गर्ने बताए।

प्रेस काउन्सिल नेपालका सदस्य लालबाबू शेखले महानगरपालिकाले उपलब्ध गराउने लोक कल्याणकारी विज्ञापनमा थप सुविधा जुटाउन सुझाए।

नेपाल पत्रकार महासङ्घ, पर्साका अध्यक्ष अनुप तिवारीले चार वर्ष अघि स्थानीय तह गठन हुनु पहिले महासङ्घले मिडिया व्यवस्थित गर्न महानगरलाई ज्ञापनपत्र बुझाएको र अहिलेको अवस्थामा सुधार देखिएको बताए। उनले महानगरले बनाउने कानून प्रदेश र सङ्घ सरकारको जस्तो नहोस् भनी सुझाए। उनले पत्रकारमैत्री कानून नल्याएको कारण सङ्घ र प्रदेश सरकारले मिडियासम्बन्धी कानून कार्यान्वयन हुन नसकेको बताए।

कार्यक्रममा सहभागी सञ्चारकर्मीहरूले लोक कल्याणकारी विज्ञापनको दररेट वृद्धि गर्नुपर्ने, विज्ञापन वितरणमा भइरहेको विभेद हटाउनुपर्नेलगायत सुझाव दिएका थिए। कार्यक्रम प्रमुख प्रशासकीय अधिकृत निश्चलराज पाण्डेको अध्यक्षतामा भएको थियो।


- खेतवारी तथा उर्वर भूमिलाई बाँझो नराखौं।
- भूमिको अधिकतम उपयोग गरौं।
- कृषिलाई आत्मनिर्भरमात्र होइन व्यावसायिक बनाऔं।
- भूमिको बहुउपयोग गरी उत्पादन बढाऔं र स्वदेशी अर्थतन्त्रमा टेवा पुर्‍याऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


## गोलीप्रहारबाट व्यवसायीको मृत्यु, बजार बन्द

प्रस, रक्सौल, ३ माघ/

भारत, बिहार रामगढवामा आइतवार साँझ एकजनाको गोली प्रहारबाट मृत्यु भएको छ। रामगढवा बजारमा गल्ला व्यापार गर्दै आएका २८ वर्षीय अजीतकुमार गुप्ताको अज्ञात व्यक्तिले गोली प्रहार गरी हत्या गरेको रामगढवा प्रहरीले जनाएको छ।

सोमवार रामगढवा बजारका व्यवसायीहरूले बजार बन्द गरी विरोध जनाएका थिए। बितेको केही महीनामा अपराधकर्मीहरूद्वारा व्यवसायीमाथि हुँदै आएको आक्रमणको विरोधमा कुणाल गुप्ता, राजन राज, वेदप्रकाश गुप्तालगायत स्थानीय व्यवसायीद्वारा प्रशासनको विरोधमा प्रदर्शन गरिएको थियो।

# खेलकूदको संसार

## प्रधानमन्त्री कप क्रिकेट : पुलिस क्लबद्वारा प्रदेश १ पराजित

काठमाडौं, ३ माघ/रासस

प्रधानमन्त्री कप टी–ट्वान्टी राष्ट्रिय क्रिकेट प्रतियोगितामा नेपाल पुलिस क्लबले प्रदेश नं १ लाई पराजित गरेको छ।




कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा आज भएको समूह चरणको अन्तिम खेलमा पुलिस क्लबले प्रदेश १ लाई ६ विकेटले हराएको हो। पुलिसले जीतका लागि १०२ रनको लक्ष्य पाएको थियो।

सो लक्ष्य पुलिसले १३.१ ओभरमा चार विकेट गुमाएर पूरा गर्‍यो। पुलिसका लागि कुशल भुर्तेलले सर्वाधिक ४४ रनको योगदान दिए। भुर्तेलले २८ बल खेल्दै तीन चौका र तीन छक्का प्रहार गरे। त्यसैगरी अनिल साहले २६ तथा दीपेन्द्रसिंह ऐरीले २० रन बनाए।

बलिङतर्फ प्रदेश १ का मनोज तामाङ, मुकुन्द यादव, फिरदौस अन्सारी र दिपेश कँडेलले एक–एक विकेट लिए।

त्यस अघि टस जितेर पहिले ब्याटिङ गरेको प्रदेश १ ले निर्धारित २० ओभरमा ८ विकेट गुमाउँदै १०१ रन बनाएको थियो। प्रदेश १ का लागि मिनास थापाले सर्वाधिक ५९ रनको योगदान दिए। श्रवण यादवले १० रन बनाए। बलिङतर्फ पुलिसका आरिफ शेख, दीपेन्द्रसिंह ऐरी र मञ्जीत श्रेष्ठले दुई–दुई तथा करण केसी र सागर ढकालले एक–एक विकेट लिए।

जीतसँगै पुलिस समूह ‘ए’ को विजेता बन्दै सेमिफाइनलमा प्रवेश गरेको छ। उक्त समूहमा चारवटै खेलमा जित निकाल्दै पुलिसले आठ अङ्क जोड्यो।

समूह ‘ए’ मा रहेको त्रिभुवन आर्मी क्लबले चार खेलबाट ६ अङ्क जोडेको छ। आर्मीले दुई खेलमा जीत तथा एउटामा प्रदेश १ सँग अङ्क बाँडेको थियो।

आर्मी सो समूहबाट उपविजेता बन्दै सेमिफाइनल पुगेको हो। सोही समूहमा रहेको सुदूरपश्चिम प्रदेशले चार, कर्णाली प्रदेशले दुई तथा प्रदेश नं १ अङ्क जोड्दै प्रतियोगिताबाट बाहिरिएका छन्।

## सर्लाहीको बागमतीमा एकाइस किलोमिटर कृत्रिम नदी

प्रस, गरुडा, ३ माघ/

सर्लाहीको बागमती नदीमा २१ किलोमिटर मानव निर्मित कृत्रिम नदी रहेको विषयमा धेरैलाई थाहा नहोला, तर सम्भवतः नेपालको सबैभन्दा लामो कृत्रिम नदी नगरपालिकाले बनाएको नगर प्रमुख भरतबहादुर थापाले जानकारी गराएका छन्।


तस्वीरः प्रतीक

चुरेको फेंदीदेखि तलतिरको वर्षाको पानी व्यवस्थित गर्दै जाँदा करीब २१ किलोमिटर कृत्रिम नदी निर्माण हुन पुगेको नगर प्रमुख थापाको भनाइ छ। चुरेबाट विभिन्न ठाउँमा वर्षाको समयमा निस्कने पानी र बस्तीको धेरै ठाउँबाट निस्कने पानीलाई एकीकृत निकास दिने क्रममा नदीको विकास हुन पुगेको नगर प्रमुख थापाको दाबी छ।

चुरेको फेदबाटै शुरू गरिएको कृत्रिम नदीको अन्त्य बागमती नदीमा भएको छ। प्रदेशकै प्रमुख पर्यटकीय गन्तव्य बनिसकेको भरत तालको पूर्व भएर दक्षिणतिर गएको कृत्रिम नदी अहिले सुख्खा छ।

वर्षाको पानीको व्यवस्थित निकास बनाइएकोले हिउँदमा सुख्खा हुनु स्वाभाविक भएको थापाको भनाइ छ।

पानी निकासको लागि कृत्रिम नदीको कल्पना एउटा स्वाभाविक विकास भएको स्थानीयवासीको भनाइ छ। पहिले नै सोचविचार गरेर कृत्रिम नदी बनाइएको नभएर पानीको निकास खोज्ने र धेरै ठाउँ भएर निकास दिनुभन्दा एकै ठाउँबाट एकीकृत गर्दा खर्च कम हुने तथा धेरै नोक्सानी पनि नहुने भएकोले नदीको स्वरूप लिन पुगेको स्थानीय विमल थापा बताउँछन्।

मानव निर्मित कृत्रिम नदीबारे अध्ययन गर्न चाहनेको लागि बागमती नगरपालिकाको व्यवस्थित प्रयास हुन गएको छ। बागमती नदीको पूर्वी किनारमा सर्लाहीको उत्तर–पश्चिमी कुनाको क्षेत्र समेटर बनाइएको बागमती नगरपालिका नेपालकै सम्भवतः ठूलो कृत्रिम ताल भएको पालिका हो। एक सय बिघामा फैलिएको भरत तालसँगै रहेको मानव निर्मित कृत्रिम ताल पनि कालान्तरमा पर्यटकको आकर्षण बन्ने नगर प्रमुख थापाको भनाइ छ।

कृत्रिम नदीमा कालान्तरमा घरबाट निस्कने पानी व्यवस्थित र प्रशोधित गर्ने सम्भावना रहेको थापाको भनाइ छ।

## सुहपुरका दलितलाई कम्बल वितरण

प्रस, वीरगंज, ३ माघ/

सिप्रदियन सहायता संस्थाले पर्सा अबुलैस अन्सारीले बताए। कार्यक्रम प्रभुनाथ चौधरीको अध्यक्षता तथा केन्द्रीय


तस्वीरः सौजन्य

जिल्लाको जगरनाथपुर गाउँपालिका–४ सुहपुरका दलित परिवारलाई कम्बल वितरण गरेको छ।

सुहपुरस्थित सयजना दलित परिवारलाई कम्बल र दुई सय थान मास्क वितरण गरिएको संस्थाका सदस्य सदस्य गोपाल आचार्यको प्रमुख आतिथ्यतामा भएको र प्रसनि हरेन्द्रप्रसाद साह, संस्थाका संयोजक अनिरुद्धप्रसाद चौधरी, सदस्यहरू सन्दीप गुप्ता, रन्जीत क्षत्रीलगायतको सो अवसरमा सहभागिता थियो।

### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |